# संविधानसभा निर्वाचन-२०६४

# नेपाली काँग्रेसको घोषणा-पत्र

नेपाली काँग्रेस
संविधानसभा निर्वाचन २०६४
केन्द्रीय प्रचार-प्रसार समिति
वी.पी. स्मृति भवन, काठमाडौं नेपाल

**आदरणीय दिदी-बहिनी तथा दाजु-भाइहरू,**

नेपाली जनताको दशकौं पुरानो चाहना संविधानसभालाई २०६२-०६३ को जन-आन्दोलनले सुनिश्चित गराएको छ । यो ऐतिहासिक घडीमा समस्त शहीदलाई हृदयमा राख्दै नेपाली काँग्रेस नेपाली जनतामा हार्दिक अभिवादन गर्दछ ।

शान्तिपूर्ण लोकतान्त्रिक आन्दोलनको अनेक कालखण्डमा संघर्षको मोर्चामा अग्रणी भूमिका निर्वाह गर्ने देशका तमाम तरुण-विद्यार्थी, नागरिक समाज, मानव अधिकारकर्मी, किसान-मजदूर र महिला, शिक्षक-प्राध्यापक र बुद्धिजीवी, वकिल, डाक्टर र इन्जिनियर, संचारकर्मी, साहित्यकार, कलकार, एवं उद्यमी-व्यवसायी लगायत सबै पेशा र व्यवसायका नेपालीको दृढ लोकतान्त्रिक चेतना, संघर्ष र संकल्पलाई नेपाली काँग्रेस हार्दिकतापूर्ण अभिनन्दन गर्न चाहन्छ ।

- हाम्रो श्रद्धापूर्ण सम्झनामा यतिखेर नेपाली काँग्रेसका हजारौँ जुझारु साथीहरु हुनुहुन्छ । जसले विगत छ दशकको अवधिभित्र जेल-नेल, निर्वासनको पीडा र मृत्युलाई समेत वरण गरेर देशको लोकतान्त्रिक संघर्ष र चेतनालाई जीवित राख्न महत्वपूर्ण भूमिका निर्वाह गर्नु भयो । काँग्रेसजनको यो संघर्ष यात्राले पछिल्ला वर्षहरुमा निरंकुश राजतन्त्रको प्रताडनासँगै माओवादी हिंसाको समेत शिकार हुनु पर्‍यो । यस क्रममा जीवन गुमाउने योद्धाहरुसँगै अंगभंगको पीडा, घर-सम्पत्ति हरणको दुःख र आफ्ना परिवारबाट विस्थापित भएका सबैको आस्थाको उच्च कदर गर्न चाहन्छौँ ।
- हामी यो महत्वपूर्ण घडीमा २००७ सालको ऐतिहासिक जनक्रान्तिका नेता तथा त्यसपछि लोकतन्त्र वहालीका लागि भएका संघर्षका नायक महामानव विश्वेश्वरप्रसाद कोइरालालाई श्रद्धापूर्वक सम्झिन चाहन्छौँ । २०१७ सालपछिको अत्यन्त कठिन र प्रतिकूल परिस्थितिमा पार्टी संगठन र लोकतान्त्रिक आन्दोलनलाई जीवन्त बनाइराख्ने श्रद्धेय नेता सुवर्ण शम्शेरलाई सम्झन चाहन्छौँ । त्यसैगरी, हामी २०४६ सालको जन-आन्दोलनले प्रज्वलित गरेको लोकतान्त्रिक आन्दोलनका सर्वोच्च नेता गणेशमान सिंहको अथक संघर्षगाथा र आन्दोलनपछिको संक्रमणकालीन राजनीतिमा श्रद्धेय नेता कृष्णप्रसाद भट्टराईको योगदानलाई स्मरण गर्न चाहन्छौँ ।
- निरंकुश राजतन्त्रको अन्त्य र जनताको सम्प्रभुता सहित लोकतन्त्र स्थापनाका लागि भएको शान्तिपूर्ण जन-आन्दोलन २०६२-६३ मा प्रकट भएका तत्कालीन आठ राजनैतिक पार्टीको सुझवुझपूर्ण एकता र योगदानको उच्च मूल्याङ्कन गर्दै मुलुकको राजनीतिलाई साझा उद्देश्य र संघर्षमा डोर्‍याउन अभूतपूर्व नेतृत्व प्रदान गर्ने हाम्रा श्रद्धेय नेता गिरिजाप्रसाद कोइरालाको ऐतिहासिक भूमिकाप्रति नेपाली जनताले उच्च सम्मान गरेको हामीले महशूस गरेकाछौँ ।
- विभाजित भएको नेपाली काँग्रेस पार्टीलाई यसका आम कार्यकर्ताहरु र समर्थकहरुको इच्छा र आकांक्षालाई सम्मान गर्दै फेरि एकीकृत गरी पार्टीका कार्यकर्ताहरु यसका समर्थकहरु र आम जनताहरुमा उर्जा प्रदान गरी लोकतान्त्रिक आन्दोलनलाई बलियो पार्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने आदरणीय गिरिजाप्रसाद कोइराला र शेर बहादुर देउवाप्रति आभार व्यक्त

गर्दछौं । साथै, पार्टी एकीकरण चाहने आम कार्यकर्ताहरु, समर्थकहरु र तमाम सुभेक्षुहरुलाई पनि धन्यबाद दिन चाहन्छौं ।

- देशका विभिन्न जाति, वर्ग, लिङ्ग र क्षेत्रले आफ्नो विशिष्ट भाषिक, जातीय र सांस्कृतिक पहिचान र संघीय शासन प्रणालीका लागि गरेको संघर्षलाई नेपाली काँग्रेस अभिनन्दन गर्न चाहन्छ । मधेशी, मुश्लिम, आदिवासी जनजाति, महिला, दलित, पछाडी परेका विकट भौगोलिक क्षेत्र, अपाङ्ग, भूमिहिन कमैया, वादी लगायत विभिन्न वर्ग र समूहद्वारा अफ्नो पहिचान र अधिकारका लागि गरेको शान्तिपूर्ण संघर्षलाई हामी लोकतन्त्रलाई जीवन्त र परिणाममुखी बनाउने दिशाको महत्वपूर्ण पाइलाका रूपमा आत्मसात गर्दछौं ।
- तराई-मधेश, आदिवासी जनजाति लगायत विभिन्न समूहसंगको वार्ता नेपाली कांग्रसकै पहल र अगुवाइमा सफल भएको यथार्थलाई हामी स्मरण गराउन चाहन्छौं । नेपाली कांग्रेसको अगुवाईमा तराई मधेशका विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, विभिन्न आदिवासी जनजाति समूहका प्रतिनिधि एवं दलित र महिला संस्थाका प्रतिनिधिसँग सरकारी वार्ता समितिको सहमति, समभ्रुदारीहरुलाई नेपाली कांग्रेसले पूर्ण सम्मान गर्दै तिनलाई कार्यान्वयनमा ल्याउन प्रतिबद्ध रहनेछ र नेपालमा सबै जातजाति, भाषा र संस्कृतिको समान अधिकार स्थापित गर्न र सम्मान दिन सदैव क्रियाशील रहनेछ ।
- हामी यो ऐतिहासिक अवसरमा नेपाली जनताको आकांक्षा अनुरुप माओवादी हिंसात्मक द्वन्द्व समाप्त गरी दिगो शान्ति स्थापना गर्ने उद्देश्यले हस्ताक्षरित विस्तृत शान्ति सम्झौता र यस अनुरूप अगाडि बढेको शान्ति प्रक्रिया र यसमा सहभागी सबै पक्षलाई हार्दिक धन्यवाद दिन चाहन्छौं । शान्ति प्रक्रियालाई अनुगमन गर्ने संयुक्त राष्ट्र संघ एवं शान्ति प्रक्रियालाई सहयोग र समर्थन गर्ने सबै मित्रराष्ट्र र अन्तर्राष्ट्रिय संघ-संस्थाप्रति नेपाली काँग्रेस आभार प्रकट गर्दछ । नेपाली काँग्रेस यो शान्ति प्रक्रियाप्रति पूर्ण प्रतिवद्धता प्रकट गर्दै दिगो शान्ति स्थापना गर्ने जनताको संकल्पलाई निर्विघ्न पूरा गरी छाड्ने प्रतिज्ञा गर्न चाहन्छ । साथै शान्ति प्रक्रियामा संलग्न सबै पक्षलाई जनताको चाहना र शान्ति प्रक्रियाको संवेदनशीलताप्रति निरन्तर सजग र गम्भीर रहन आग्रह गर्दै संविधानसभाको ऐतिहासिक निर्वाचनका माध्यमबाट शान्ति प्रक्रियालाई पूर्णता प्रदान गर्ने जिम्मेवारी वहन गर्न आह्वान गर्दछ ।

## १. संविधानसभा - यसको ऐतिहासिक सन्दर्भ

झण्डै छ दशकदेखि नेपाली काँग्रेसले अगुवाइ गर्दै आएको नेपालको लोकतान्त्रिक आन्दोलनको केन्द्रीय तत्व **जनताको सर्वोच्चता** र **जनप्रतिनिधि शासन**को स्थापना गर्नु हो ।

देश व्यक्तिको निजी सम्पदा र आर्जन होइन, जनताको रगत-पसिनाको सृष्टि हो । त्यसैले देशको शासन र राज्य संचालनको काम राजा-महाराजाका हुकुमबाट होइन, जनताको सहमति र अभिमत प्राप्त जनप्रतिनिधिबाट मात्र हुन सक्छ भन्ने जनताको सर्वोपरिताको यो

उद्घोष नेपाली काँग्रेसले २००६ सालमा क्रान्तिको घोषणा पत्रमा उल्लेख गरेर जनक्रान्तिको आह्वान गरेको हो । संविधानका वास्तविक लेखक जनता मात्र हुन् र राज्य संचालनको सम्पूर्ण अधिकार जनताका प्रतिनिधिको हो भन्ने नेपाली काँग्रेसको पहिलो जनघोषणा यस्तो थियो :

***"वर्तमान शासनको अन्त्य भइसकेपछि नेपाली काँग्रेसले वालिग मताधिकारको आधारमा चुनिएका जनप्रतिनिधिहरुको एउटा परिषद् वा सभा बोलाउनेछ । यसै परिषद् वा सभालाई नेपाल जनराज्यको संविधान वा राज्य सञ्चालन सम्बन्धी नियम कानून बनाउने सम्पूर्ण जिम्मेवारी सुम्पिनेछ ।"***

जनताको सम्प्रभुता र जनप्रतिनिधि शासनको यो स्पष्ट मांग र आग्रह नै नेपालको लोकतान्त्रिक आन्दोलनको उर्जा र गन्तव्य बन्दै आयो । नेपालको निरंकुश राजतन्त्रले पटक-पटक जनताको सर्वोच्चताको यही अधिकारलाई हनन् गर्ने चेष्टा र षडयन्त्र गऱ्यो । अनि नेपाली जनताले पनि पटक-पटक आफ्ना अधिकार रक्षाका लागि निरंकुश राजतन्त्रको स्वेच्छाचारितालाई परास्त गर्दै रहे । २०६२-६३ को शान्तिपूर्ण जनआन्दोलन नेपाली जनताको यही ऐतिहासिक संघर्ष यात्राको सर्वाधिक महत्वपूर्ण कडी प्रमाणित भयो । यो ऐतिहासिक जनआन्दोलनले मुलुकलाई पुनः एकपटक संविधानसभाको निर्वाचनमा ल्याइपुऱ्याएर अघिल्लो पुस्ताका हाम्रा अग्रजहरुको संकल्पलाई पूरा गर्ने अभिभारा नेपाली नयाँ पुस्ताको काँधमा सुम्पिएको छ ।

## २. लोकतान्त्रिक संविधान निर्माणमा संविधानसभाको महत्व

यति लामो जनताको संघर्ष र यति धेरै जनताको रगत पसिना बगाएर आएको संविधानसभाको निर्वाचनको महत्व नेपालको लोकतान्त्रिक आन्दोलन र भविष्यको नेपाली पुस्ताका निम्ति अति उल्लेखनीय छ । संविधानसभाको महत्व र अवसरलाई क्षणिक उत्तेजना, भावावेश, नैराश्य वा अरु कुनै तात्कालिक कारणबाट प्रभावित भएर न्यून गर्न वा गुम्न दिनु हुँदैन ।

(क) संविधानसभाको निर्वाचनले मुलुकमा "**हामी नेपालका जनता**" भन्ने एउटा नयाँ लोकतान्त्रिक र राष्ट्रिय भावधाराको निर्माण गर्नेछ । हामी नेपाली जनता पहिलोपटक आफ्ना प्रतिनिधि मार्फत् आफ्ना लागि आफ्नो स्वामित्वको संविधान लेख्दैछौं । २ करोड ५० लाखभन्दा बढी नेपाली जनताको प्रतिनिधिपूर्ण सहभागिता र क्रियाशीलताद्वारा लेखिने यो नयाँ संविधान नेपालको राष्ट्रिय एकता र लोकतान्त्रिक पहिचानको नयाँ आधार बन्नेछ ।

(ख) मुलुकले आजसम्म पटक-पटक जनतामा निहित सार्वभौमसत्ताको चर्चा गरेको र सुनेको छ । संविधानसभाको

निर्वाचनमा पहिलोपटक जनतामा निहित सार्वभौमसत्ताको प्रयोग र अभ्यास हुनेछ । राजनीति र राष्ट्र निर्माणमा जनताको सर्वोच्चता र सम्प्रभुताको निर्णायक छाप लाग्नेछ ।

(ग) वितेका २५० वर्षदेखि राजतन्त्रले नेपाली जनताको भाग्यको फैसला गर्ने उल्टो अभ्यास हुँदै आएको थियो । संविधानसभाको निर्वाचनले नेपाली जनतालाई राजा र राजतन्त्रको भाग्यको फैसला गर्ने ऐतिहासिक अवसर र अधिकार स्थापित गर्दैछ ।

(घ) संविधानसभाको निर्वाचन– माओवादी हिंसाको शान्तिपुर्ण अवतरण तथा सबैखाले राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक द्वन्द्वलाई निकास दिने अवसर हो । हिंसा र द्वन्दबाट आक्रान्त देश र जनतालाई दिगो शान्तिको प्रत्याभूति गर्ने र लोकतान्त्रिक प्रक्रियाद्वारा व्यापक राष्ट्रिय सहमतिको सुदृढ आधार प्रदान गर्ने माध्यम हो ।

(ङ) संविधानसभाको निर्वाचन– मुलुकको वर्तमान केन्द्रीकृत र एकात्मक राज्यको स्वरुपलाई बदलिएर संघात्मक ढाँचामा राज्यको लोकतान्त्रिक पुनर्संरचना गर्ने अवसर हो ।

(च) संविधानसभा– नेपालमा लोकतन्त्र, संविधानको सर्वोच्चता र विधिको शासन स्थापना गर्ने उच्चतम लोकतान्त्रिक अभ्यास हो ।

(छ) संविधानसभा– अन्तर्राष्ट्रिय जगतमा नेपालको प्रतिष्ठा बढाउने तथा आर्थिक समृद्धिका लागि अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गर्ने आधार हो ।

## ३. जनआन्दोलन २०६२-६३ को जनादेश

(क) शान्तिपूर्ण जनआन्दोलनमा अभिव्यक्त भएको जनताको सर्वाधिक स्पष्ट आदेश **निरंकुश राजतन्त्रको अन्त्य र जनताको सम्भप्रुता सहित लोकतन्त्रको स्थापना** गर्नु नै हो । राजा ज्ञानेन्द्रको स्वेच्छाचारिताका विरुद्ध लाखौंको संख्यामा सडकमा ओर्लिएका नेपाली जनताले जनआन्दोलन मार्फत् सबैखाले अधिनायकवाद र अतिवादलाई नेपाली राजनीतिबाट सधैंको निम्ति समाप्त गर्ने आकांक्षा प्रकट गरेका हुन् ।

(ख) माओवादी हिंसात्मक विद्रोह र राजा ज्ञानेन्द्रको अधिनायकवादी शासनको प्रतिहिंसाले आक्रान्त नेपाली जनताको अर्को स्पष्ट आदेश **हिंसाको अन्त्य र दिगो शान्तिको स्थापना** गर्नु थियो । नेपाली जनताले हिंसा-युद्ध, बम र बन्दुकको त्रासदीबाट मुक्ति तथा शान्तिपूर्ण जीवन र जीविकाको प्रत्याभूति शान्तिपूर्ण जनआन्दोलनको माध्यमबाट चाहेका हुन् ।

(ग) जन-आन्दोलन मार्फत् नेपाली जनताले **पुरातन राज्य संरचना र शासनको अन्त्य गरी राज्यको लोकतान्त्रिक ढंगले पुनर्संरचना** गर्ने चाहना पनि अभिव्यक्त गरेका हुन् । राज्यको वर्तमान संरचना आर्थिक-सामाजिक- राजनैतिक विभेद र असमानता सिर्जना गर्ने ढंगको भएको हुँदा सबैखाले असमानताको अन्त्य गर्ने गरी समावेशी न्यायपूर्ण र लोकतान्त्रिक राज्यको रचना जनआन्दोलनको अर्को महत्वपूर्ण आदेश थियो ।

**यो जनादेश पूरा गर्ने एक मात्र शान्तिपूर्ण र विधिसम्मत् प्रक्रिया भनेको २०६४ साल चैत्र २८ गतेका दिन संविधानसभाको ऐतिहासिक निर्वाचन सम्पन्न गरेर जनप्रतिनिधिद्वारा पहिलोपटक जनताको स्वामित्वको नयाँ लोकतान्त्रिक संविधानको निर्माण गर्नु हो । यो सर्वस्वीकृत विधि र लोकतान्त्रिक प्रक्रियाबाट नै जनआन्दोलनको लोकतन्त्र संस्थागत गर्ने चाहना सुनिश्चित हुन सक्छ ।**

## ४. संविधानसभा : साझा संकल्प र गन्तव्य

२००७ सालको जनक्रान्तिको सफलतापछि बनेको **अन्तरिम शासन विधान, २००७** को उद्देश्य र बचनवद्धता अनुरुप संविधानसभाको निर्वाचन राजाको बढ्दो महत्वाकांक्षा र वचनच्यूत हुने प्रवृत्तिका कारण हुन नदिइएपछि देशको राजनीति वालिग मताधिकारको आधारमा संसद्को निर्वाचन गर्ने विकल्पतर्फ मोडियो ।

२०१५ सालको संसदीय निर्वाचनमा नेपाली काँग्रेसले अत्यधिक बहुमत प्राप्त गरेर, यसका नेता वि.पि. कोइरालाको नेतृत्वमा बनेको जन-निर्वाचित सरकारले सीमित सम्भावना भित्र पनि जनताका अधिकारलाई क्रन्तिकारी कार्यक्रमहरु मार्फत विस्तार गर्न थालेपछि राजा महेन्द्रलाई यो पनि सह्य भएन । राजाको निरंकुश सैन्य कारवाहीले २०१७ सालमा जननिर्वाचित संसद्, सरकार र जनताका सम्पूर्ण संवैधानिक अधिकारहरु अपहरित भए । त्यसपछिका पञ्चायती शासनको लामो कालरात्रिका विरुद्ध नेपाली काँग्रेसको अगुवाइमा जारी निरन्तर संघर्ष तथा राष्ट्रिय एकता र मेलमिलापको आह्वान गर्दै बी.पी. कोइराला र गणेशमान सिंहको निर्वासन त्यागी स्वदेश आगमनले सिर्जना गरेको व्यापक जनदवाव तथा तरुण-विद्यार्थीहरुको लोकतान्त्रिक परिवर्तनका निम्ति जुझारु संघर्षको पृष्ठभूमिमा २०३६ सालको ऐतिहासिक **जनमत संग्रहको घोषणा** भए पनि राजाको निरंकुश सत्ताद्वारा जनमत संग्रहको परिणाम जनताका अभिमत र आकांक्षा विपरीत घोषणा गरियो । फलस्वरुप मुलुकमा लोकतन्त्र र संविधानवादको विकासक्रमले २०४६

सालको ऐतिहासिक जनआन्दोलनको अवधिसम्म निर्णायक वेग र परिणाम पाउन सकेन ।

जन-आन्दोलनको सफलतापछि निर्माण भएको २०४७ सालको संविधानमा सार्वभौमसत्ता र राजकीयसत्ताको स्रोत जनता हुन भन्ने मान्यता, बहुदलीय संसदीय शासन प्रणाली र जनताका आधारभूत मानव अधिकार जस्ता महत्वपूर्ण उपलब्धि प्राप्त भए पनि छोटो समयमै उग्र दक्षिणपन्थी अतिवाद र उग्रवामपन्थी अतिवादबाट भएको प्रहारले त्यो क्षतविक्षत हुनपुग्यो । उग्रवामपन्थी अतिवादलाई प्रतिनिधित्व गर्ने माओवादी हिंसाबाट २०४७ सालको संविधान आक्रमणमा परेकै बेला उग्रदक्षिणपन्थी अतिवादलाई प्रतिनिधित्व गर्दै राजा ज्ञानेन्द्र असोज १८, २०५९ मा संविधानमाथि सीधा प्रहार गरे । जसको उत्कर्ष १९ माघ २०६१ मा राजाको सैन्यबलमा आधारित निरंकुश शासनमा प्रकट हुन पुग्यो ।

दुवैखाले अतिवादबाट मुलुकलाई मुक्ति दिलाउन र जनताको सम्प्रभुता सहित लोकतन्त्रको स्थापना गर्ने उद्देश्यका लागि विघटित प्रतिनिधिसभाको पुनर्स्थापना तथा प्रतिनिधिसभाको माध्यमद्वारा संविधानसभाको निर्वाचन सुनिश्चित गरी, मुलुकमा विद्यमान सबै द्वन्द्वको समाधान गर्ने ऐतिहासिक अग्रसरता नेपाली काँग्रेसले लिएपछि २०६२ साल वैशाख २५ गते सात राजनैतिक पार्टीले आफ्ना साझा प्रतिवद्धता सार्वजनिक गर्दै घोषणा गरे :

> ***"मुलुकमा विद्यमान सबै द्वन्द्वलाई समाधान गर्न संविधानसभा लगायत सबै प्रजातान्त्रिक प्रक्रियालाई अवलम्बन गर्न तैयार रहने प्रतिवद्धता व्यक्त गर्दछौं ।"***

२०६२ सालमा सम्पन्न नेपाली काँग्रेस र नेपाली काँग्रेस (प्रजातान्त्रिक) को महाधिवेशनले ६ दशक अघिदेखि **संवैधानिक राजतन्त्र**लाई पार्टीको उद्देश्य मान्दै आएको धारणालाई परित्याग गरी, समावेशी र जनताको सम्प्रभुता सहितको पूर्ण लोकतन्त्रको उद्देश्यमा पार्टीलाई केन्द्रित गर्ने युगान्तकारी निर्णय गर्‍यो । दुवै काँग्रेसको यो ऐतिहासिक निर्णयपछि निरंकुश राजतन्त्रको अन्त्य, पूर्ण लोकतन्त्रको स्थापना र राज्यको पुनर्संरचनाका निम्ति संविधानसभा राष्ट्रिय राजनीतिको स्वीकार्य विकल्प बन्न गयो । २०६४ साल आश्विनमा सम्पन्न दुवै पार्टीको महासमितिको बैठकले नेपाललाई संघीय गणतन्त्रात्मक राज्य व्यवस्था र बहुदलीय शासन प्रणालीमा जाने निर्णय गर्‍यो । त्यो निर्णयको प्रस्तावलाई तत्कालै एकीकृत भएको नेपाली काँग्रेसको महासमितिको वैठकले अनुमोदन गर्‍यो ।

माओवादी हिंसात्मक द्वन्द्वको समाधान गर्ने अग्रसरता नेपाली काँग्रेसले मात्र सफलतापूर्वक निर्वाह गर्न सक्छ भन्ने ठहर गर्दै नेपाली काँग्रेसले त्यसअघि नै पार्टी सभापति गिरिजाप्रसाद कोइरालालाई माओवादी पक्षसँग सार्थक संवादको पहल गर्ने जिम्मेवारी प्रदान गरेको थियो ।

राजनैतिक निकासको यस्तो बाटो प्रस्तावित गरी माओवादीलाई समेत हिंसात्मक आन्दोलनको बाटो त्यागेर शान्तिपूर्ण जनआन्दोलनको माध्यमबाट निरंकुश राजतन्त्रको अन्त्य र जनताको सम्प्रभुता सहित पूर्ण लोकतन्त्र स्थापना, बहुदलीय प्रतिस्पर्धात्मक प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक हक, मानव अधिकार, कानूनको राज्य र राज्यको लोकतान्त्रिक पुनर्संरचना गर्ने संकल्प सहितको आठ पार्टीको १२ बुँदे समझदारीको परिधिभित्र ल्याउन नेपाली काँग्रेस पार्टी र पार्टीका सभापति गिरिजाप्रसाद कोइरालाद्वारा ऐतिहासिक भूमिकाको निर्वाह भयो । यो महत्वपूर्ण समझदारीले निर्विघ्न रुपमा शान्तिपूर्ण आन्दोलनको बाटो खोलेपछि जनआन्दोलन उत्कर्षमा पुग्न थाल्यो ।

२०६२-६३ को ऐतिहासिक जनआन्दोलन सात राजनैतिक पार्टीको मार्गचित्र अनुरूप मुलुकका सबै द्वन्द र समस्याको समाधान गर्न विघटित प्रतिनिधिसभाको पुनर्स्थापनाको घोषणापछि विधिवत संविधानसभाको निर्वाचन सुनिश्चित गर्ने संवैधानिक प्रक्रियातर्फ उन्मुख भयो । पुनर्स्थापित प्रतिनिधिसभाको पहिलो बैठकले प्रस्ताव पारित गर्दै घोषणा गर्‍यो –

> ***"देशको विद्यमान गम्भीर संकटलाई निकास दिनका लागि नयाँ संविधान निर्माण गर्न आवश्यक भएकोले प्रतिनिधिसभाको यो बैठक संविधानसभाको निर्वाचनमा जाने संकल्प सहित निर्णय गर्दछ ।"***

संविधानसभाको निर्वाचन सुनिश्चित गर्ने अर्को महत्वपूर्ण निर्णय जेठ ४, २०६३ को प्रतिनिधिसभा घोषणाले गर्‍यो । यो घोषणाले राजालाई शासनका सबै अधिकारबाट वञ्चित गर्दै जनताको सम्प्रभुता र प्रतिनिधिसभालाई जनताको सार्वभौम संसदमा रूपान्तरण गर्‍यो । यो राजनैतिक निकास र संकल्पलाई वैधानिक आधार र अरु व्यापक राजनैतिक समर्थनको आधार निर्माण गर्ने काम सात राजनैतिक पार्टी र ने.क.पा. (माओवादी) का बीचको सहमति, नेपाल सरकार र माओवादीका बीच सम्पन्न विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधान २०६३ को घोषणा र माओवादीहरुको अन्तरिम संसद् र सरकारमा प्रवेशको घटनाले गर्‍यो ।

पुनर्स्थापित प्रतिनिधिसभा र अन्तरिम संसदले संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४ लगायत अन्य आवश्यक ऐन पारित गरेर संविधानसभा निर्वाचनका लागि आवश्यक कानुनी-प्रशासनिक र सांगठनिक आधार सुनिश्चित गरी संविधानसभा निर्वाचनलाई चैत्र २८ गते २०६४ का दिन जनताको आँगनमा ल्याइपुऱ्याएको छ ।

## ५. संविधानसभाको निर्वाचनमा नेपाली काँग्रेसले उठाएका मुख्य विषयहरु

नेपाली कांग्रेसको इतिहास लोकतंत्र स्थापना गर्ने संघर्षको इतिहास हो । लोकतान्त्रिक आन्दोलनको संघर्ष गाथाले नेपाली कांग्रेसलाई अन्य दलहरुभन्दा विशिष्ट स्थान दिलाएको छ । ने. क. पा. (माओवादी) पार्टीको सर्वमान्य लोकतान्त्रिक मुल्य र मान्यता प्रतिको अनास्था र हिंसात्मक र उग्रवामपन्थी सोचको निरन्तरताका कारण यसले संविधानसभा मार्फत् लोकतान्त्रिक संविधान निर्माण गर्ने जनदायित्व निर्वाह गर्न सक्ने कुरामा शंका छ । ने.क.पा. (एमाले) को वामपन्थी एकताको वकालत र साम्यवादी विचार प्रतिको मोहको निरन्तरता र अस्थिर दृष्टिकोणका कारण लोकतान्त्रिक संविधान निर्माण गर्ने जनआकांक्षाको प्रतिनिधित्व यस पार्टीले पनि विश्वसनीय रुपमा गर्ने कुरामा आशंका छ । अन्य दक्षिणपन्थी पार्टीहरुले लोकतान्त्रिक संविधान निर्माणमा सकारात्मक भूमिका निर्वाह गर्न सक्छन् भन्ने विषयमा जनताको विश्वास अति न्यून छ । यस अवस्थामा संविधानसभा मार्फत् लोकतान्त्रिक संविधान निर्माण गरी लोकतन्त्रको संस्थागत गर्ने मुख्य जिम्मेवारी नेपाली कांग्रेसको कांधमा आएको छ । यो ऐतिहासिक जिम्मेवारी पूरा गर्न नेपाली कांग्रेस निम्न मूल मुद्दाहरु सहित नेपाली जनताका समक्ष संविधानसभाको निर्वाचनमा प्रस्तुत भएको छ ।

## ५.१ राष्ट्रिय एकता, शान्ति र विकासका लागि लोकतन्त्र

### ५.१.१ बहुलवादमा आधारित संघीय लोकतान्त्रिक गणतन्त्र :

राष्ट्रियता-लोकतन्त्र र समाजवादको मूल प्रेरणाबाट संगठित र क्रियाशील नेपाली काँग्रेस आफ्नो छ दशक भन्दा लामो लोकतान्त्रिक संघर्ष यात्रामा **जनताको सम्प्रभुता र जनप्रतिनिधि शासन**को मूल मुद्दामा केन्द्रित रहँदै आएको छ । देश जनताको हो, त्यसैले जनता सम्प्रभू हुन् । जनता सम्प्रभु हुन्, त्यसैले शासनको अधिकार र वैधताको स्रोत जनताको अभिमतबाट हुन सक्छ । लोकतान्त्रिक शासनको यो मूलभूत मान्यता र जन-अधिकारलाई नेपालको राजतन्त्रले पटक-पटक अतिक्रमण र अपहरण गर्ने प्रयास गरिरहेका कारण जनता र राजतन्त्रका बीच निरन्तर द्वन्द्व चल्दै आएको हो । जनताका आधारभूत अधिकारमाथि अतिक्रमण नगर्ने गरी संवैधानिक सम्झौतामा वचनबद्ध संवैधानिक राजाले समेत पटक-पटक वचनबद्धताको उल्लंघन गरेका कारण

राजतन्त्रले समकालीन नेपाली राजनीतिमा आफ्नो औचित्य र सान्दर्भिकता गुमाएको नेपाली काँग्रेसको ठहर छ ।

लामो लोकतान्त्रिक आन्दोलनले नेपाली जनताको सामर्थ्य र लोकतान्त्रिक चेतनालाई अभूतपूर्व ढंगले परिष्कृत र उन्नत बनाएको छ । जनता आफ्ना निम्ति आफै संविधान लेख्न चाहन्छन्– देशको शासन प्रबन्ध र आर्थिक सम्वृद्धिको बाटो आफ्ना प्रतिनिधि मार्फत आफै निर्माण गर्न चाहन्छन् । जनता **हिंसा** र **सैन्यबल**मा आधारित राजनैतिक सोच र सत्तालाई सधैंको निम्ति अस्वीकार गर्न चाहन्छन् । जनता आफ्नो सहमति नभएको र आफूले अनुमोदन नगरेको सत्तालाई तीरस्कार गर्न चाहन्छन् ।

नेपाली जनताले २०६२-६३ को शान्तिपूर्ण जनआन्दोलनमा सबैखाले हिंसा र हिंसामा आधारित सत्तालाई फ्याँक्ने संकल्प गरेका हुन् । नेपाली जनताको यस्तो आकांक्षा एक्काइसौँ शताब्दीको लोकतन्त्रको आधारभूत चरित्र र विशेषता हो ।
**जनताको यहि चाहना र युगको मागलाई सम्मान गर्दै नेपाली काँग्रेस संविधानसभामा नेपाललाई संघीय गणतन्त्रात्मक राज्य बनाउने र बहुलवादमा आधारित बहुदलीय लोकतान्त्रिक शासन प्रणालीको अवलम्बन गर्ने प्रमुख एजेण्डा सहित जनताको माझमा आएको छ ।**

राजतन्त्रको अन्त्यले मात्र वास्तविक गणतन्त्रको सुनिश्चितता हुँदैन । जनताको संप्रभुता, संविधानको सर्वोच्चता, जनप्रतिनिधि शासन र नागरिक अधिकार र स्वतन्त्रतायुक्त संवैधानिक प्रत्याभूतिले मात्र वास्तविक जनतन्त्र वा गणतन्त्र सुनिश्चित हुन सक्छ । गणतन्त्रको नाममा सैन्यवाद, पार्टी विशेषको अधिनायकवाद वा धार्मिक एकाधिकारवादको पक्षपोषण गर्ने कुनै पनि विचार, दर्शन र प्रयोग नेपाली जनतालाई स्वीकार्य हुँदैन ।

राजतन्त्रको घोर दक्षिणपन्थी अतिवाद र माओवादी उग्रवामपन्थी अतिवादले सिर्जना गरेको हिंसा र सैन्यवलको चक्रव्यूहबाट देशलाई जोगाउन राजतन्त्रको अन्त्य गर्दै र उग्र वामपन्थको लोकतान्त्रिक रुपान्तरणमा जोड् दिँदै, शान्ति र सम्वृद्धि सहितको लोकतान्त्रिक नेपालको निर्माण गर्नु नै संविधानसभा निर्वाचनमा नेपाली काँग्रेसको प्रमुख एजेण्डा हो ।

यस उद्देश्यलाई प्राप्त गर्न नेपाली काँग्रेस संविधानसभाको पहिलो बैठकमा यस्तो एजेण्डा प्रस्तुत गर्ने प्रतिवद्धता प्रकट गर्दछ :

१. **नेपाली जनताको अभूतपूर्व सहभागितामा सम्पन्न बृहत् शान्तिपूर्ण जन-आन्दोलन (२०६२/६३) मा निरंकुश राजतन्त्रका विरुद्ध नेपाली जनताले जोडदार रुपमा अभिव्यक्त गरेको आवाजलाई सम्मान गर्दै ऐतिहासिक रुपमा भरखरै सम्पन्न संविधानसभा निर्वाचनमा प्रकट नेपाली जनताको वैधानिक जनादेशलाई कार्यान्वयन गर्न नेपालमा हालसम्म कायम रहेको शाहवंशीय राजतन्त्रलाई समाप्त गरी, नेपाललाई एक स्वतन्त्र सार्वभौमसत्ता सम्पन्न लोकतान्त्रिक संघीय गणतन्त्रात्मक राज्यको कार्यान्वयन गरियोस् भन्ने प्रस्ताव ।**

२ **२०६२ मंसिर ७ को बाह्र बुंदे समझदारीदेखि नेपालको अन्तरिम सविधान (२०६३) जारी र त्यसलाई संशोधन गर्दा नेपाल सरकार, सात दल र नेकपा (माओवादी) बीच भएका लोकतन्त्र, नागरिक हक-अधिकार, राज्य संरचना र शासन प्रणालीका सन्दर्भमा गरिएका संझौता, सहमति समझदारी र निर्णयहरु तथा यसबीच राज्यले आदिवासी जनजाति, मधेसी, दलित, महिलाका प्रतिनिधि संघ-संगठनहरुसँग गरेका सम्झौताहरुको पालना हुनेगरी यस घोषणा पत्रमा उल्लेखित संविधान निर्माणको आधारभूत सिद्धान्त, संविधान घोषणाको प्रक्रिया र संविधानसभाको कार्यविधि निर्धारण गर्ने प्रस्ताव ।**

३ **संविधानसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका प्रतिनिधिहरुका बीच राजनीतिक सहमतिको आधारमा सरकारको गठन गर्ने प्रस्ताव ।**

### ५.१.२ संघीय लोकतन्त्र

नेपाली काँग्रेस नेपाली समाजमा विद्यमान जातीय, भाषिक, साँस्कृतिक, धार्मिक एवं क्षेत्रीय विविधतालाई नेपाली राष्ट्रियताको धरोहर मान्दछ । तदनुरूप, नेपालका आदिवासी, जनजाति, मधेसी लगायत विभिन्न क्षेत्रबाट पहिचान र स्वायत्तताको आकांक्षा सहित मुखरित भएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यसंरचनाको मागलाई संवैधानिक प्रणालीमा मूर्तरूप दिने आफ्नो प्रतिवद्धतालाई यस घोषणा-पत्रका माध्यमबाट सार्वजनिक गर्दैछ । संघीय राज्य संरचनाको स्वरूप निम्न बमोजिम हुनेछ :

- केन्द्रीकृत एकात्मक राज्यलाई परिवर्तन गरी लोकतान्त्रिक शासन प्रणाली सहितको स्वायत्त प्रदेशहरुको संघका रूपमा अखण्ड र अभिभाज्य सार्वभौम सत्ता सम्पन्न संघीय गणतन्त्रात्मक नेपालको निर्माण गरिनेछ ।
- प्रदेश रचनाको प्रमुख आधारहरु नेपालको राष्ट्रिय अखण्डता, भौगोलिक अवस्थिति र अनुकूलता, जनसंख्या, प्राकृतिक स्रोत र आर्थिक संभाव्यता, प्रदेशहरुको अन्तरसम्बन्ध, भाषिक/जातीय एवं

संस्कृतिक सघनता, राजनीतिक/प्रशासनिक सम्भाव्यता आदि हुनेछ । तराई, पहाड, हिमालका विभिन्न क्षेत्रमा बसोबास गर्ने मधेशी, आदिवासी जनजाति, दलित तथा अन्य विभिन्न समूहको विशिष्ट चरित्रलाई उनीहरुको भावना अनुरुप संघीय संरचनामा प्रत्याभूति प्रदान गरिनेछ ।

- केन्द्र, प्रदेश र स्थानीय सरकार गरी मुख्य रूपले तीन तहमा राज्यको काम, कर्तव्य र अधिकारको वितरण एवं व्यवस्था गरिनेछ ।
- केन्द्र, प्रदेश र स्थानीय सरकारको अधिकार र काम/कर्तव्यलाई संविधानले अलग अलग सूचिका आधारमा छुट्याइदिनेछ ।
- यसरी कार्य क्षेत्रको विभाजन गर्दा परराष्ट्र सम्बन्ध, मुद्रा नीति, राष्ट्रिय सुरक्षा लगायत प्रदेशहरू बीच समन्वय गर्नुपर्ने विषयहरु जस्तै हवाइ यातायत, राजमार्ग, ठूला जलविद्युत लगायत राष्ट्रिय महत्वका आयोजनाहरु केन्द्रमा र अन्य राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक तथा भाषिक अधिकारका साथै कृषि, वन, शिक्षा, स्वास्थ्य, रोजगारी आदि विषयहरु प्रदेशमा र स्थानीय सरकारको तहमा रहनेछन् । कतिपय माथि उल्लेखित प्रदेश र स्थानीय तहमा भनिएका विषयवस्तु त्यसको राष्ट्रिय महत्व र स्वरुपको आधारमा केन्द्रीय तहमा रहन सक्नेछन् ।
- भन्सार, मूल्य अभिवृद्धि कर, आयकर, अन्तशूल्क जस्ता कर राजश्वको संकलन केन्द्रले गर्नेछ । उक्त राजश्वको केन्द्रीय र प्रादेशिक तहमा व्यवस्थित वर्गीकरण र बाँडफाँड गरिनेछ । घर-जग्गा, सम्पत्ति कर, सवारी साधन, रजिस्ट्रेसन दस्तुर लगायतका राजस्वका अन्य स्रोतहरु प्रदेश र स्थानीय सरकारसँग रहनेछन् ।
- केन्द्रीय राजश्व र अनुदानको बाँडफाँडका लागि वित्तिय आयोग गठन गरिनेछ । यसका साथै पूर्वाधार निर्माण प्रयोजनका लागि प्रादेशिक सरकारलाई ऋण परिचालन गर्ने अधिकार हुनेछ ।
- प्रदेश अन्तर्गत स्वशासनको अधिकार सहितका गाउँ र नगरमा स्थानीय स्वायत्त सरकारको पुर्नसंरचना गरिनेछ ।
- केन्द्रमा दुई सदन र प्रदेशमा एक सदनात्मक संसद हुनेछ । माथिल्लो सदनमा सबै प्रदेशको समान प्रतिनिधित्व हुनेछ । तल्लो सदन र प्रादेशिक संसदमा कम्तिमा ३३ प्रतिशत महिला सहित मिश्रित निर्वाचन प्रणालीबाट प्रतिनिधिहरु निर्वाचित हुनेछन् ।
- केन्द्रीय र प्रादेशिक संसद्को चुनाव मिश्रित निर्वाचन प्रणालीका आधारमा गरिनेछ । आदिवासी जनजाति, मधेसी, दलित, महिला लगायत विविध समूहको जनसंख्याका आधारमा समावेशी समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरिनेछ ।

- केन्द्रमा कार्यपालिका प्रमुखको रूपमा प्रधानमन्त्री र प्रदेशमा प्रदेश प्रमुखको व्यवस्था गरिनेछ । केन्द्रीय र प्रादेशिक मन्त्रीपरिषद्को गठन समावेशी सिद्धान्तका आधारमा गरिनेछ ।
- राज्यलाई समावेशी ढाँचामा बदल्न सानोभन्दा सानो समूहको समेत राज्य संरचनामा र निर्णय प्रक्रियामा पहुँच एवं सहभागिताका लागि सामाजिक न्याय सहितको सकारात्मक विभेदको नीति अवलम्बन गरिनेछ ।

## ५.१.३ समावेशी लोकतन्त्र

नेपाली काँग्रेस भावी राज्यसंरचनामा महिला, उत्पीडित जनजाति/आदिवासी, मधेसी, दलित, श्रमजीवी साथै समस्त पिछडिएको क्षेत्र लगायत आर्थिक-सामाजिक विकास प्रक्रियामा पछाडि वा बाहिर परेका जाति, समुदाय र वर्गहरु सबैको राज्यसंरचनामा पहुँच हुने समावेशी लोकतन्त्रको निर्माण एवं विकास गर्न चाहन्छ । उनीहरूको सशक्तिकरणका उपाय र अवसरहरूको निर्माण एवं अभिवृद्धि गरी, शासन प्रक्रिया र प्रणालीमा समान एवं सार्थक सहभागितालाई सुनिश्चित गर्न प्रतिबद्ध छ । यसका लागि समानुपातिक सहभागिता र समावेशी निर्वाचन प्रणाली, सक्षम, निष्पक्ष र समावेसी प्रशासनयन्त्र, विकेन्द्रित अधिकार, सकारात्मक विभेदको नीतिलाई अवलम्वन गरी सबैमा साधन-स्रोतसम्पन्न जनशक्ति निर्माणको व्यवस्था गरिनेछ ।

## ५.१.४ हिंसाबाट मुक्त : दिगो र शान्तिपूर्ण लोकतन्त्र

हिंसा, लोकतन्त्र र जनताको सम्प्रभुतामाथिको सबैभन्दा ठूलो खतरा हो । हिंसा, मुलुकको आर्थिक प्रगतिको सबैभन्दा ठूलो बाधक हो । हिंसा, सामाजिक एकता र सद्भावलाई कमजोर बनाउने कारण पनि हो । नेपाली काँग्रेस संविधानसभाको समग्र निर्वाचन प्रक्रियालाई शान्तिपूर्ण र विद्वेष रहित ढंगले अगाडि बढाउन आह्वान गर्दै, संविधानसभाको गठनपछि मुलुकलाई अझ दिगो शान्ति र राष्ट्रिय सहमतिको प्रयत्नद्वारा जीवन्त लोकतन्त्र र आर्थिक सम्वृद्धिको ढोका खोल्न चाहन्छ । त्यसैले हिंसामुक्त लोकतन्त्र संविधानसभा निर्वाचनमा नेपाली काँग्रेसको अर्को महत्वपूर्ण एजेण्डा हो ।

## ५.१.५ समानता र समृद्धिका लागि लोकतन्त्र

नेपाली काँग्रेस आर्थिक सम्वृद्धि, समानता र सामाजिक न्यायको सुनिश्चतता मार्फत् लोकतन्त्रलाई दिगो र परिणाममुखी बनाउने विषयमा राष्ट्रिय सहमति निर्माण गर्न प्रतिवद्ध छ । नेपाली कांग्रेस निजी क्षेत्रको उद्यमशीलता र लगानीलाई प्रोत्साहन गर्दै आर्थिक समवृद्धि गर्ने आर्थिक नीतिको पक्षमा छ भने अर्कोतर्फ आर्थिक वृद्धिको सबै वर्ग र

क्षेत्रमा न्यायोचित पहुंच बढाउन समाजवादी अवधारणालाई आधार मान्दै सामाजिक न्याय, सामाजिक सुरक्षाको नीतिलाई अवलम्बन गर्न चाहन्छ । नेपाली जनताको जीवनस्तर सुधार गरी राष्ट्रिय समृद्धि बढाएर मात्र लोकतन्त्र दिगो रहन सक्दछ भन्ने तथ्यलाई आत्मसात गर्दै आर्थिक समुन्नतिमा जोड दिइनेछ । विकास र समृद्धिको प्रतिफल पिछडिएको क्षेत्र, समूह र वर्गमा पुऱ्याउनु पनि त्यत्तिकै महत्वपूर्ण विषय हो ।

**व्यापक लगानी प्रवर्द्धन :** मुलुकको आर्थिक संवृद्धि सरकार र निजी क्षेत्रको व्यापक लगानीको प्रवर्द्धनद्वारा सुनिश्चित हुन्छ । तीव्र गतिले आर्थिक विकास गरिरहेका दुई विशाल छिमेकी मुलुकको अनुभव समेतलाई दृष्टिगत गरी नेपालको आर्थिक वृद्धिदर आठदेखि दश प्रतिशत पुऱ्याउन लगानीमा वृद्धि गरिने छ । राष्ट्रका महत्वपूर्ण भौतिक पूर्वाधार निर्माणका लागि शिक्षा, स्वास्थ्य, खानेपानी, सिंचाई र गरीबी निवारणका लागि तथा राष्ट्रिय प्राथमिकताका योजनाहरुमा व्यापक सरकारी लगानी प्रवर्द्धन गर्नुका साथै निजी क्षेत्रको **उद्यमशीलता र लगानीलाई व्यापक रूपमा प्रवर्द्धन र संरक्षण गर्ने** आर्थिक नीतिमा सुदृढ राष्ट्रिय सहमति कायम गरिनेछ । यसका साथै राष्ट्रिय प्राथमिकताका क्षेत्रहरुमा विदेशी सहायता र प्रत्यक्ष वैदेशिक लगानी आमन्त्रण गरिने छ । नीजि क्षेत्रमा विद्यमान व्यवस्थापन दक्षता, नयाँ प्रविधि प्रयोग र उद्यमशीलताको उपयोगद्वारा तीव्ररुपमा विकसित भइराखेको भारत र चीनको विशाल अर्थतन्त्रको लाभ नेपालमा भित्र्याउने नीति अवलम्बन गरिनेछ ।

**वैदेशिक व्यापारः** नेपालको तुलनात्मक लाभको क्षेत्रमा उद्योग व्यवसायलाई प्रोत्साहन र संरक्षण गर्ने निति लिइ बैदेशिक निर्यात व्यापारलाई बढाइनेछ ।

**पूर्वाधार विकास : यातायात र संचार**

देशको सबै जिल्लाहरुमा मोटर सुविधा पुऱ्याउने कार्यक्रम नेपाली काँग्रेसकै पहलमा शुरु गरिएको हो । फलस्वरुप अहिले अधिराज्यको करीब ७० जिल्लामा मोटर बाटोको सुविधा पुगिसकेको छ । आगामी ५ वर्षभित्र बाँकी सबै जिल्लामा मोटर सुविधा पुऱ्याइनेछ र सबै जिल्ला सदरमुकाम जोड्ने सडकहरुलाई कालोपत्रे बनाउने अभियान चलाइनेछ । मेचीदेखि महाकाली जोड्ने अहिलेको पूर्व पश्चिम राजमार्गका अतिरिक्त हुलाकी राजमार्ग, मध्य पहाडी राजमार्ग एवं चुरे राजमार्गलाई आगामी ५ वर्षभित्र बाह्रै महिना चल्न सक्नेगरी सम्पन्न गरिनेछ । काठमाडौंबाट तराई जोड्ने Fast track राजमार्गको आगामी ५ वर्षभित्र निर्माण गरिनेछ । काठमाडौं उपत्यकामा दोस्रो चक्रपथ र व्यवस्थित सडक सञ्जाललाई निर्माणलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ । त्यसका अतिरिक्त अधिराज्यका सबै गा.वि.स.लाई यातायात सुविधा पुऱ्याउन सडक सञ्जाल निर्माणको कार्यक्रम अघि बढाइनेछ । तराईको निजगढमा आधुनिक अन्तर्राष्ट्रिय विमान स्थल निर्माण गरिनेछ । पोखरा

र भैरहवामा पनि वैदेशिक लगानी आकर्षित गरी अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गरिनेछ । नेपाल वायु सेवा निगमलाई निजी क्षेत्रको साझेदारी संचालन गरिनेछ । खुला आकाश नीती मार्फत् राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाइ सेवामा बृद्धि गरिनेछ । टेलिफोन इन्टरनेट सुविधा सबै गा.वि.स. एवं माध्यमिक विद्यालयमा पुऱ्याउने कार्यका लागि आवश्यकता अनुसार सरकारी र निजी क्षेत्रको लगानी उपयोग गरिनेछ ।

**समुदाय संचालित विकास निर्माण :** स्थानीय स्तरमा संचालन हुने वन, खानेपानी, सिंचाई, बाटो, बिजुली, शिक्षा, स्वास्थ्य, कृषि जस्ता आर्थिक सामाजिक विकासमा स्थानीय समुदायको सहभागिता र स्वामित्वलाई प्रोत्साहित गरिनेछ । यसले विकास निर्माणमा जनताको निर्णय र सहभागितालाई बढाएर सदुपयोग र सुशासनमा बृद्धि ल्याउनेछ ।

**सहकारी आन्दोलन :** हाम्रो अर्थतन्त्रमा कृषि क्षेत्रको प्रभावशाली भूमिका भएका कारण तथा पारस्परिक अन्तरनिर्भरताको सामाजिक बनोट भएका कारण सहकारी आन्दोलनलाई सघन ढंगले कृषि सामाग्री र उत्पादनका क्षेत्रमा साथै अन्य वस्तु र सेवाहरुको सरल र सहज उत्पादन र वितरण, साना बचत संकलन र ऋण परिचालनको महत्वपूर्ण आधार बनाउने नीति अवलम्बन गरिने छ ।

**कृषि-पर्यटन र जलस्रोत** नेपालको तुलनात्मक लाभ भएका राष्ट्रिय प्राथमिकताका तीन प्रमुख क्षेत्र हुन । यी क्षेत्रमा व्यापक लगानी वृद्धि गरी **आय आर्जन र रोजगारी** का अवसरहरु सिर्जना हुँदा फराकिलो आधारको उच्च आर्थिक वृद्धि प्राप्त हुने र गरीवी निवारणमा चाँडो र व्यापक प्रभाव पर्दछ ।

**कृषि र किसान :** नेपालको कृषि क्षेत्र र किसानहरुको जीवनस्तरमा आमूल सुधारका लागि राष्ट्रिय अभियान केन्द्रित गर्न कृषि विकासको **पन्ध्र वर्षीय दिर्घकालीन योजना अनुरुप** सिचाई-कृषि, सडक, कृषि बजार, कृषि ऋण, वीउ-वीजन, शीत भण्डार र मलखादको एकीकृत कार्यक्रमलाई प्रभावकारी ढंगले संचालन गरिनेछ । कृषकहरुको हितमा लक्षित कार्यक्रम संचालन गरिनेछ । न्यून आय भएका कृषि ऋणिहरुलाई ऋण सहुलियत दिने कार्यहरुलाई अगाडी बढाइनेछ ।

**भूमिको उत्पादकत्व वृद्धि र सघन प्रयोग बढाउने गरी भूमि सुधार र भू-उपयोगको वैज्ञानिक नीतिका बारेमा राष्ट्रिय सहमति कायम गरिनेछ ।**

कृषिको पूर्ण व्यवसायिकरण, जैविक विविधता, माटो, वातावरण र जलवायुसँग तालमेल हुनेगरी बजारको माग अनुरुप कृषि उत्पादनका विशेष क्षेत्रहरु विकसित गरिने छन् । जमीन, जल, जंगल, जडिबुटी र जैविक विविधता आदिको प्रयोग र संरक्षणलाई **किसानको नैसर्गिक अधिकार** मानिने छ । उपलब्ध सिंचाइका स्रोत एवं सम्भावनाहरुको पहिचान गरी सुख्खा क्षेत्रमा सिंचाइको प्रबन्ध

मिलाइनेछ । पूर्वमा सुन कोशी डाइभर्सन एवं पश्चिम भेरी डाइभर्सन जस्ता आयोजनाहरु अघि बढाई सिंचाई क्षेत्रबाट वन्चित रहेका तराईका भू-भागमा सिंचाइ सुविधा पुऱ्याइनेछ । कृषिको आधुनिकीकरण र व्यावसायिकरण गरी बढी मूल्यमा बिक्री गर्न सकिने चिया, कफी, फलफूल, पुष्प व्यवसाय लगायतका खेती विस्तार गरी देशमा परम्परागत वस्तुका साथै निर्यातजन्य कृषि वस्तुको विकास गरी कृषकहरुको जीवन स्तर उठाइनेछ । वन सम्पदाको संरक्षण सम्बर्द्धन र व्यवसायिकरणमा जोड दिइनेछ । जमिन, पानी र जंगलको बैज्ञानिक ब्यवस्थापन मार्फत् वातावरणको दिगो विकासमा जोड दिइनेछ । सामुदायिक वन र साझेदारी वनको अवधारणालाई अगाडी बढाइनेछ ।

**औद्योगिकरण :** विगत दशकमा हाँसिल गरेको औद्योगिक विकासको क्रम हिंसात्मक द्वन्द र राजनीतिक अस्थिरताका कारण शिथिल हुन पुग्यो । अबको शान्ति प्रक्रियासँगै देशमा औद्योगिकरणको नयाँ अभियान शुरु गरी रोजगारीका लाखौं अवसरहरु सृजना गरिने छन् र कृषिमा आश्रृत अर्थतन्त्रको आधुनिक रुपान्तरण गरिनेछ । सरकार निजी क्षेत्र र मजदूर युनियनहरु समेतको सहमतिमा औद्योगिक शान्ति स्थापना गरी उपर्युक्त लगानीको वातावरण श्रृजना गरिनेछ । स्वदेशी श्रम, शीप र कच्चा पदार्थमा आधारित उद्योग र सेवाका क्षेत्रहरुलाई प्रोत्साहन गरिनेछ ।

**वैदेशिक रोजगार :** २०४६ सालको राजनीतिक परिवर्तनपछि खुलेको वैदेशिक रोजगारको परिणामले मुलुकमा वार्षिक रुपमा अरबौं रेमिटेन्स भित्रिरहेको छ । यसको महत्वलाई ध्यानमा राखी वैदेशिक रोजगारमा जाने नागरिकहरुको सीप वृद्धि र श्रम सुरक्षालाई प्रत्याभूत गर्न उच्च प्राथमिकताका साथ आवश्यक प्रबन्ध गरिनेछ । प्रवासी तथा गैर आवासीय नेपालीहरुको सिप र पूँजीलाई देश विकासमा लगाउन विशेष ब्यबस्था मिलाउनेछ ।

**पर्यटन :** पर्यटन पूर्वाधारको राष्ट्रिय संजाल निर्माण गर्नुका साथै वर्षभरि नै नेपालमा पर्यटक भित्र्याउने गरी हिमाली पर्यटक, पहाडी भेगमा पदयात्रा गर्ने पर्यटक, रिभर राफ्टिङ्ग, धार्मिक र नेपालको साँस्कृतिक विविधतालाई चिनाउने साँस्कृतिक पर्यटनको प्रवर्द्धन गर्ने कुरामा राष्ट्रिय सहमति निर्माण गरिनेछ । पशुपति क्षेत्र, लुम्विनी, जनकपुरधाम लगायतका महत्वपुर्ण धार्मिक र सांस्कृतिक क्षेत्रको विकासलाई उच्च प्राथमिकता दिई धार्मिक सांस्कृतिक पर्यटन बढाउन जोड दिइनेछ । आगामी पाँच वर्षभित्र नेपाल आउने पर्यटकको संख्यामा दोब्बर वृद्धि गरी १० लाख पुऱ्याइनेछ र रोजगारका अवसरहरु सिर्जना गरिनेछ ।

**जलस्रोत :** प्रचुर सम्भावना भएको जलस्रोतको क्षेत्र नेपालको आर्थिक विकासको मेरुदण्ड हो । यस क्षेत्रमा लगानी प्रवर्द्धन गर्दा तत्काल आय आर्जन र रोजगारीका अवसर बढ्नुका साथै अर्थतन्त्रका अरु क्षेत्रमा समेत अनुकूल प्रभाव पर्ने हुँदा **जलस्रोत विकासको राष्ट्रिय नीति** मा अविलम्ब राष्ट्रिय सहमित कायम गरी राष्ट्रिय र वैदेशिक लगानी प्रवर्द्धन गरिनेछ । विगत दशकमा नेपाली काँग्रेसले शुरु गर्न लागेको अरुण तेस्रो योजनालाई त्यसपछि बनेको अल्पसंख्यक सरकारको अदुरदर्शीताका कारण तुहाउने काम भयो । फलस्वरुप अहिले देशले लोडसेडिङको मार खप्नु परेको छ । अब यस्तो गल्ती पुनः दोहरिएमा राष्ट्रले ठूलो नोक्सानी बेहोर्नु पर्नेछ । तसर्थ हाल कार्यान्वयनमा ल्याइएका माथिल्लो तामाकोशी, पश्चिम सेती, अरुण तेस्रो, माथिल्लो कर्णाली लगायतका ठूला, मझौला र साना योजनालाई यथाशीघ्र कार्यान्वयन गर्न आगामी १० वर्षभित्र विद्युत उत्पादनमा झण्डै १० खण्डले वृद्धि गरी कम्तिमा ५००० मेघावाट उत्पादन पुऱ्याइनेछ । विद्युत निर्यातबाट अरबौंको विदेशी मुद्रा आर्जन मात्र होइन, सुलभ र सस्तो ऊर्जा विकास गरी देश भित्रको औद्योगिकरणको आधार सिर्जना गरिनेछ । बैकल्पिक ऊर्जा स्रोतहरुको उपयोग गरी आगामी १० वर्षभित्र देशका सम्पूर्ण भू-भागहरुमा विद्युत सेवा पुऱ्याइनेछ ।

**राष्ट्रिय हितमा खुला अर्थतन्त्र** : विश्व अर्थतन्त्र पारस्परिक अन्तर निर्भरता र सम्बन्धको नूतन युगमा छ । नेपाल यसको अपवाद हुन सक्दैन । त्यसैले उदार र प्रतिस्पर्धात्मक विश्व अर्थतन्त्रसँग स्वाभाविक आर्थिक सम्बन्ध राख्न एवं लगानी, व्यापार र प्रविधि प्रयोगको लाभ र अवसर सिर्जना गर्न हाम्रो आफ्नो अर्थतन्त्रलाई समेत उदार, बजारमुखी र प्रतिस्पर्धामूलक बनाउन अनिवार्य छ । तर विकासोन्मुख र भूपरिवेष्ठित मुलुकका रूपमा विश्व अर्थतन्त्रसँग समायोजन हुँदा नेपाली अर्थतन्त्रमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यून गर्ने प्राविधिक र व्यवस्थापकीय सतर्कता अवलम्बन गरिने छ । साथै बजार अर्थतन्त्रलाई गरीबी निवारणमा केन्द्रित गरेर सामाजिक जिम्मेवारी पूरा गर्ने ढाँचामा अगाडि बढाउन नेपाली काँग्रेस प्रतिवद्ध छ ।

**आर्थिक वृद्धिको प्रतिफल गरीवी निवारणमा :** उच्च आर्थिक वृद्धि दरको प्राप्तिले मात्र गरीवी र बेरोजगारीका सबै समस्याहरुको समाधान हुँदैनन् । यसका लागि आर्थिक वृद्धि फराकिलो र समाजका निम्न वर्ग र क्षेत्रहरु समेतलाई समेट्ने खालको हुनुपर्दछ । त्यसैले जनसंख्याको ठूलो हिस्सा संलग्न भएको कृषि र पर्यटन जस्ता क्षेत्र तथा ग्रामीण पूर्वधार निर्माणमा लगानी केन्द्रित गरी उच्च आर्थिक वृद्धिदर सुनिश्चित गर्नुका साथै महिला, दलित, बाल-बालिका, अपाङ्ग, वृद्ध-वृद्धा, आदिवासी-जनजाति, मधेसी समुदाय र कर्णाली जस्ता विकट भौगोलिक क्षेत्रलाई लक्षित गरी

गरीबी निवारणको प्रभावकारी कार्यक्रम संचालन गरिने छ । आगामी १५ वर्षभित्र देशबाट निरपेक्ष गरीबीको अन्त्य गर्ने लक्ष्य लिइनेछ ।

### ५.१.६ राष्ट्रिय एकता प्रवर्द्धन गर्ने लोकतन्त्र

नेपालमा रहेका भाषिक, जातीय र सांस्कृतिक विविधताहरु हाम्रा राष्ट्रिय सम्पदा हुन् । यो विविधतायुक्त सांस्कृतिक धरोहरलाई केवल एउटा उदार र समुन्नत लोकतन्त्रले मात्र एकताको सूत्रमा बाँध्न सक्छ । संविधानसभाद्वारा राज्यको पुनर्संरचना गर्दा संघीय गणतन्त्रात्मक राज्य संरचना, समावेशी र मिश्रित निर्वाचन प्रणाली, जनप्रतिनिधिबाटै राष्ट्र प्रमुखको चयन र जीवन्त लोकतान्त्रिक अभ्यासका कारण नेपाल राष्ट्रिय एकताको नयाँ युगमा प्रवेश गर्नेछ । **राष्ट्रिय एकताको प्रतीक अब फेरि एउटा व्यक्ति र पद हुने छैन, सबैको समावेशी र संवैधानिक संघीय लोकतन्त्र हुनेछ ।**

नेपाली काँग्रेस लोकतन्त्रले पोषण गर्ने राष्ट्रिय एकताको यो नूतन भावधारालाई लिएर देशमा सामाजिक र साम्प्रदायिक सद्भाव कायम गर्दै हिमाल, पहाड र तराईको पारस्परिक एकता र राष्ट्रिय अखण्डता प्रवर्द्धन गर्ने संकल्प सहित जनताको माझमा जानेछ । राष्ट्रिय एकता र अखण्डतायुक्त लोकतन्त्र नेपाली काँग्रेसको अर्को महत्वपूर्ण निर्वाचन एजेण्डा हुनेछ ।

### ५.१.७ आन्तरिक लोकतन्त्रसहित पारदर्शी र उत्तरदायी राजनीतिक दल

बहुदलीय लोकतन्त्रको विकास र सुदृढीकरणका लागि राजनीतिक दलहरुको नेतृत्व, संगठन संरचना र कार्यविधि पनि लोकतान्त्रिक हुनु आवश्यक छ । हतियार र सैन्यदस्ता सहितको दलीय संरचनालाई लोकतन्त्रले अनुमति दिंदैन । राजनीतिक दलहरुले निःसैन्यीकृत एवं खुला संगठन संरचना, निर्वाचित एवं उत्तरदायी नेतृत्व, आर्थिक पारदर्शीता लगायतका लोकतान्त्रिक मूल्य र मान्यताको पालना गर्नु पर्ने संवैधानिक व्यवस्था गरिनेछ । नेपालको सामाजिक विविधताको उचित प्रतिनिधित्व हुनेगरी राजनीतिक दलहरूको संगठन संरचना समावेशी बनाइने छ ।

### ५.१.८ अन्तर्राष्ट्रिय सम्बन्ध र परराष्ट्रनीति

नेपालको राष्ट्रिय पहिचान, स्वाधीनता एवं राष्ट्रिय हितलाई विश्व समुदायमा निर्वाध रूपमा संवर्द्धन तथा संरक्षण गर्नु र विश्व शान्ति, सद्भाव र समुन्नतिका लागि यथासक्य योगदान पुऱ्याउनु नेपालको

परराष्ट्र नीतिको मुख्य लक्ष्य हुनेछ । यसको आधार र उद्देश्यहरु निम्नानुसार हुनेछन् –

- संयुक्त राष्ट्र संघको वडापत्र, पञ्चशील, असंलग्नता, राष्ट्रियहित एवं सुरक्षा, परराष्ट्र नीति र अन्तर्राष्ट्रिय सम्बन्धका मूल आधार हुनेछन् ।
- पारस्परिक सम्मान, सद्भाव र समानताका आधारमा सबै राष्ट्रहरुसँग सम्बन्ध र मित्रता कायम गरिनेछ ।
- संयुक्त राष्ट्रसंघको सदस्यका रूपमा नेपालको अन्तर्राष्ट्रिय छविलाई शान्तिप्रेमी, लोकतान्त्रिक र राष्ट्रिय स्वाधीनताप्रेमी स्वतन्त्र राष्ट्रका रूपमा प्रस्तुत गरिनेछ ।
- छिमेकी मित्र राष्ट्रहरु भारत र चीनसँगको सम्बन्धलाई अन्तर्राष्ट्रिय सम्बन्धका मूल्य र मान्यता अनुरूप व्यावहारिक र वस्तुनिष्ठ आधारमा मैत्रीपूर्ण बनाइने छ ।
- क्षेत्रीय विकास र समझदारीका लागि ठोस परिणाममुखी सहयोग पुग्ने गरी दक्षिण एशियाली राष्ट्रहरुको संगठन (सार्क)लाई सृजनात्मक रूपान्तरण गरिने छ ।
- नेपालमा रहेका भुटानी शरणार्थीहरुको देश फर्कन पाउने हकको नेपाली काँग्रेस सधैं समर्थन गर्दछ ।
- वैदेशिक व्यापार, पर्यटन प्रवर्द्धन, नेपालमा विदशी लगानी, विदेशमा काम गर्ने नेपाली कामदारहरुको हक र सुरक्षा प्रवर्द्धनलाई प्राथमिकताका साथ विदेशस्थित कुटनैतिक नियोगहरुलाई परिचालित गरिनेछ । प्रवासी तथा गैर आवासीय नेपालीहरुको अधिकार र सुरक्षा सुनिश्चित गर्न ध्यान दिइनेछ ।
- विश्व व्यापार सङ्गठनले अल्प विकसित देशहरुलाई दिएको विशेष छुटहरुको पूर्ण कार्यान्वयनमा जोड दिइनेछ ।
- विदेशी सहायता उपयोग नीती र कार्यान्वयन पक्रियामा राष्ट्रिय स्वामित्व सुनिश्चित गरिनेछ ।

## ५.२ संविधान निर्माणका मुल आधार र सिद्धान्त :

संविधानसभाको निर्वाचन संसदीय निर्वाचन जस्तै सरकार बनाउने निर्वाचन मात्र होइन, यो देशको सर्वोच्च कानून निर्माण गर्ने निर्वाचन हो । संविधान सम्पूर्ण नेपाली जनताको चासो र समर्थन प्राप्त देशको मूल कानून हुने भएकाले संविधान निर्माणको प्रक्रियामा सबै जनता र पक्षको सहमति र सहभागिता प्रोत्साहित गर्न आवश्यक हुन्छ भन्ने नेपाली काँग्रेसको मान्यता छ । यही कारणले गर्दा संविधानसभा निर्वाचन प्रणालीलाई समावेशी र सहभागितामूलक बनाउने प्रयास हुनुपर्छ र संविधान निर्माण प्रक्रियालाई पनि बहुमत र अल्पमतको

विभाजनद्वारा होइन, सहमतिको प्रयासद्वारा टुंगो लगाउने विधि अवलम्वन गरिनु पर्दछ भन्ने नेपाली काँग्रेसको धारणा रहेको छ ।

२०६२-६३ सालको ऐतिहासिक जनआन्दोलनका क्रममा जनताद्वारा अभिव्यक्त भावना, आन्दोलनकारी राजनैतिक पार्टीहरुको माझ भएका ऐतिहासिक सहमति र समझदारी, विस्तृत शान्ति सम्झौता र नेपालको अन्तरिम संविधान २०६३, मानव अधिकारको विश्वव्यापी घोषणा–१९४८ लगायत, नेपाल राष्ट्रको पक्षमा भएका हाम्रा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरुले संविधान निर्माणका मूल आधार र सिद्धान्तहरूलाई मार्गदर्शन गर्दछन् । नेपाली काँग्रेस जनताका बीचमा चर्चित र संग्रहित यिनै लोकतान्त्रिक संवैधानिक सिद्धान्तहरुलाई समर्थन गर्दै संविधान निर्माणको निम्न लिखित आधार र सिद्धान्तहरुमा उभिएर राष्ट्रिय सहमति कायम गर्ने प्रतिवद्धता प्रकट गर्न चाहन्छ ।

**५.२.१ राष्ट्रिय एकता र अखण्डता**

नेपाल राष्ट्रमा विद्यमान जातीय, भाषिक, साँस्कृतिक, भौगोलिक लगायत सबै प्रकारका विविधताको पहिचान, प्रतिनिधित्व र स्वामित्वलाई सुनिश्चित गर्दै नेपाली जनताका बीच सद्भाव एवं सौहाद्रतालाई अक्षुण्ण राख्दै नेपालको राष्ट्रिय एकता, सार्वभौमसत्ता एवं अखण्डतालाई सुनिश्चित र सुदृढ गरिने छ ।

**५.२.२ जनतामा निहित सार्वभौमसत्ता**

संविधानसभाद्वारा संविधान निर्माणको मूल आधार सम्प्रभु जनता हुन् । त्यसैले सार्वभौमसत्ता र राजकीयसत्ता पूर्ण रूपले जनतामा निहित रहनेछ ।

**५.२.३ संविधानको सर्वोच्चता**

सार्वभौमसत्ता सम्पन्न जनताको सार्वभौम अधिकारद्वारा निर्माण गरिएको संविधानको सर्वोच्चता अनुलंघनीय हुनेछ ।

**५.२.४ नेपाल राज्यको स्वरूप**

नेपाल एक स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न पूर्ण लोकतान्त्रिक संघीय गणतन्त्रात्मक राज्य हुनेछ ।

**५.२.५ राष्ट्र प्रमुखको निर्वाचन**

नेपालको भाषिक, जातीय-सांस्कृतिक तथा धार्मिक विविधतालाई प्रतिविम्वित गर्ने महान् उद्देश्य र लोकतान्त्रिक प्रक्रिया अनुरूप राष्ट्र प्रमुखको रुपम राष्ट्रपतिको निर्वाचन केन्द्रीय संसद र प्रादेशिक संसदका सदस्यहरुबाट हुनेछ ।

**५.२.६ राष्ट्रको कार्यकारी प्रमुखको व्यवस्था**

केन्द्रीय कार्यपालिको प्रमुख प्रधानमन्त्री हुनेछ । कार्यकारी अधिकार प्रधानमन्त्रीमा निहित हुनेछ ।

**५.२.७ मानव अधिकार, मौलिक हक एवं नागरिक तथा राजनीतिक स्वतन्त्रता**

मानव अधिकारको विश्वव्यापी घोषणा १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानूनद्वारा व्यवस्थित र परिभाषित एवं विस्तृत शान्ति सम्झौता-२०६३ र नेपालको अन्तरिम संविधान २०६३ मा प्रतिवद्धता गरिएका मानव अधिकार र अकुण्ठित प्रेस स्वतन्त्रता सहित नागरिकका राजनीतिक, आर्थिक, सामाजिक, भाषिक एवं सांस्कृतिक हक लगायत सबै वैयक्तिक अधिकार एवं स्वतन्त्रतालाई सुरक्षित गरिनेछ ।

**५.२.८ व्यक्ति स्वतन्त्रता**

हरेक नागरिकको अभिव्यक्ति स्वतन्त्रता, शान्तिपूर्ण भेला हुने स्वतन्त्रता, राजनीतिक दल तथा संघ-संस्था गठन गर्ने स्वतन्त्रता, देशको कुनै पनि भागमा आवत-जावत र बसोबास गर्ने स्वतन्त्रता र कुनै पनि पेशा, व्यवसाय, उद्योग, व्यापार र रोजगार गर्ने स्वतन्त्रता सुनिश्चित गरिनेछ ।

**५.२.९ सम्पत्तिको हक**

सबै नागरिकलाई आफ्नो इच्छा अनुसार उद्यम र व्यवसायको स्वतन्त्रताको हक हुनेछ । यसका साथै व्यक्तिको सम्पत्तिको हक पूर्ण रुपले प्रत्याभूत गरिनेछ ।

**५.२.१० धर्म निरपेक्षता र धार्मिक स्वतन्त्रता**

राज्य धर्म निरपेक्ष हुनेछ । राज्यले कुनै धर्मको पक्ष र विपक्ष लिने छैन । धर्मलाई व्यक्तिगत विश्वास र निष्ठाको विषय मानिनेछ । प्रत्येक नागरिकलाई आफ्नो विश्वास अनुसार धर्म र उपासना पद्धति ग्रहण गर्ने वा नगर्ने अधिकार रहनेछ । समाजमा धार्मिक सहिष्णुताको वातावरण कायम राख्नु राज्यको कर्तव्य हुनेछ ।

**५.२.११ बहुदलीय लोकतान्त्रिक पद्धति**

वालिग मताधिकार, आवधिक निर्वाचन, बहुदलीय प्रतिस्पर्धा, शक्ति पृथकीकरण, संवैधानिक सन्तुलन र नियन्त्रण, स्वतन्त्र न्यायपालिका, स्वतन्त्र प्रेस, विधिको शासन, समानुपातिक प्रतिनिधित्व सहितको उत्तरदायी एवं पारदर्शी र समावेशीपूर्ण शासन प्रणालीको निर्माण गरिनेछ ।

### ५.२.१२ संघीय राज्य संरचना

नेपालको वर्तमान एकात्मक र केन्द्रीकृत राज्य संरचनाको अन्त्य गरी, स्वायत्त प्रदेशहरु भएको संघीय राज्य बनाइनेछ । स्वायत्त प्रदेश रचनाको प्रमुख आधारहरु– नेपालको राष्ट्रिय अखण्डता, भौगोलिक अवस्थिति र अनुकूलता, जनसंख्या, प्राकृतिक स्रोत र आर्थिक संभाव्यता, प्रदेशहरुको अन्तरसम्बन्ध, भाषिक/जातीय एवं सांस्कृतिक सघनता, राजनीतिक/प्रशासनिक सम्भाव्यता आदि हुनेछन् । विकेन्द्रित र स्वायत्तता सहितको अधिकार सम्पन्न स्थानीय निकायको व्यवस्था गरिनेछ ।

### ५.२.१३ विविधतामा एकता

नेपाल विभिन्न भाषा, जाति, संस्कृति तथा सामाजिक विविधताले भरिएको देश हो । यो नेपाल राष्ट्रकै पूँजी हो । यसलाई कुनै एकल भाषा, जाति, संस्कृतिका आधारमा कुण्ठित गरिनु हुन्न । यसको सम्मान, पहिचान र हक/अधिकारको संवैधानिक मान्यताका साथै सम्वर्द्धनका लागि स्वतन्त्र संवैधानिक संस्थागत व्यवस्था गरिने छ ।

### ५.२.१४ बहुभाषिक राज्य

नेपालका सबै मातृभाषालाई समान रुपले राष्ट्रिय भाषा मानिने छ । नेपाली भाषा केन्द्रका लागि सरकारी कामकाज र राष्ट्रिय सम्पर्क भाषा हुनेछ । कुन प्रदेशले कुन कुन भाषालाई प्रादेशिक सरकारी भाषाको रुपमा प्रयोग गर्ने भन्ने निर्णय सम्बन्धित प्रदेशको व्यवस्थापिका (संसद्) ले गर्नेछ । केन्द्र, प्रदेश र स्थानीय निकायले कानून बमोजम तोकिएको औपचारिक भाषा प्रयोग गरे पनि न्यायालय र सरकारी कार्यालयमा सबै नागरिकलाई मातृभाषामा आफ्नो भनाइ राख्ने अधिकार हुनेछ ।

### ५.२.१५ स्वतन्त्र संवैधानिक अंगहरु

शक्ति र अधिकारको दुरुपयोग नियन्त्रण, भ्रष्टाचार नियन्त्रणका साथै जननिर्वाचित एवं उत्तरदायी शासनको सुनिश्चय गर्न निर्वाचन आयोग, मानव अधिकार आयोग, लोकसेवा आयोग, महालेखा परिक्षक, भ्रष्टाचार तथा अख्तियार दुरुपयोग नियन्त्रण आयोग जस्ता स्वतन्त्र संवैधानिक आयोगहरुको व्यवस्था गरिनेछ ।

### ५.२.१६ निजामती सेवा

संघीय संरचना बमोजिम केन्द्र र प्रदेशको आ-आफ्नै निजामति प्रशासन रहनेछ । लोकसेवा आयोगको संरचना पनि सोही बमोजिम हुनेछ ।

### ५.२.१७ स्वतन्त्र, सक्षम र उत्तरदायी न्याय प्रणाली

लोकतान्त्रिक मूल्य र मान्यताको जगेर्ना गर्दै संवैधानिक सर्वोच्चता र विधिको शासन कायम गराउने महत्वपूर्ण जिम्मेवारी न्यायपालिकाको हुनेछ । केन्द्रमा सर्वोच्च अदालत हुनेछ । केन्द्र र प्रदेशमा आवश्यकता अनुसार पुनरावेदन र अन्य अदालतहरुको व्यवस्था संघीय संरचना अनुरुप हुनेछ ।

- न्यायालय स्वतन्त्र र उत्तरदायी मात्रै होइन, सक्षम र निष्पक्ष पनि हुनेछ । विद्यमान कानूनको उदार व्याख्याद्वारा न्यायका पक्षमा उभिने काम न्यायालयले गर्नेछ ।
- न्यायाधीशहरुको नियुक्ति प्रक्रिया संसद् मार्फत सार्वजनिक सुनवाइको विधिद्वारा सम्पन्न हुनेछ । न्यूनतम योग्यता पुगेका, न्याय क्षेत्रमा आफ्नो क्षमता र योगदान दिएका आधारमा न्यायाधीशहरु नियुक्तिका लागि प्रस्तावित गरिने छन् ।
- व्यवस्थापिका (संसद्) द्वारा निर्मित कानून बमोजिम न्यायाधीशलाई संसद्ले महाअभियोग लगाउने र निर्णय गर्ने प्रावधान संविधानमा नै हुनेछ ।
- निष्पक्ष, छिटो र छरितो ढंगले आमजनताका निम्ति न्याय दिलाउने कुराको सुनिश्चिता गर्न न्यायालयका कुनै पनि तहमा परेका मुद्दाहरुको एउटा निश्चित समय तालिका भित्र निर्णय गर्ने परिपाटी कायम गरिनेछ ।

### ५.२.१८ राष्ट्रिय सुरक्षा प्रणाली

- सीमा सुरक्षा र आन्तरिक शान्ति सुरक्षा मुलुकको राष्टिय सुरक्षा नीतिको केन्द्रीय विषय रहनेछ । गम्भीर वित्तीय संकट, प्राकृतिक विपद, खाद्य एवं ऊर्जा संकट आदिबाट उत्पन्न हुन सक्ने सुरक्षा संकट समेतलाई मध्यनजर राखी वृहत् राष्टिय सुरक्षा नीति तर्जुमा गरिनेछ ।
- राष्ट्रिय सुरक्षाको जर्गेना गर्ने जिम्मेवारी सेनाको मात्र नभई मुलुकका सबै जनताको हो भन्ने **सुरक्षा नीति**को मान्यता स्थापित गरिनेछ ।
- नेपाली सेनालाई लोकतान्त्रिक, समावेशी र व्यावसायिक स्वरुप प्रदान गरिनेछ ।
- संसद्प्रति उत्तरदायी हुँदै केन्द्रीय सरकारले नेपाली सेनाको नियन्त्रण, व्यवस्थापन र संचालन गर्नेछ ।

- शान्ति सुरक्षासँग सम्बन्धित नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग लगायतका सुरक्षा निकायलाई संघीय संरचना अनुकूल हुने गरी पूर्णव्यवस्थित गरिनेछ ।

## ५.३ राज्यको कर्त्तव्य : सम्वृद्ध र समतामूलक समाज

देशमा व्यापक उद्यमशीलता र लगानी प्रवर्द्धन गर्न अनुकूल वातावरणको निर्माण गर्ने दायित्वसँगै राज्यले शिक्षा-स्वास्थ्य सेवा, सबैका लागि खाद्यान्न, रोजगारी, श्रम अधिकारको प्रत्याभूति, युवा पुस्ताका लागि आशलाग्दो भविष्य, महिला, दलित, आदिवासी-जनजाति, पिछडिएको क्षेत्र, मधेशी समुदाय, बालबालिका, वृद्ध-वृद्धा एवं अपाङ्गका लागि सामाजिक न्याय र समता सुनिश्चित गर्ने कर्त्तव्य निर्वाह गर्नेछ । सहश्राब्दी लक्ष्यहरु शिक्षा, स्वास्थ्य, गरिबी निवारण लगायतका संयुक्त राष्ट्संघले तय गरेको सहश्राब्दी लक्ष्यहरुलाई पूरा गर्नुपनि राज्यको दायित्व हुनेछ ।

**शिक्षा :** शिक्षालाई समय सापेक्ष, सर्वसुलभ र गुणस्तरीय बनाउनु राज्यको दायित्व हुनेछ । आधारभूत शिक्षा प्राप्त गर्नु सबै नेपाली नागरिकको मौलिक हक हुनेछ । सरकारी र निजी क्षेत्रका शिक्षालय बीचको बढ्दो खाडललाई कम गर्न राज्यले सरकारी क्षेत्रको स्तरमा वृद्धि गर्न ध्यान दिनेछ भने निजी क्षेत्रलाई सामाजिक दायित्व वहन गर्न अनिवार्य गरिनेछ । राज्य र निजी क्षेत्रको सहभागितामा प्राविधिक र रोजगारीमूलक शिक्षाको विस्तार गरिनेछ । प्राथमिक तहमा मातृ भाषामा शिक्षा हासिल गर्ने अवसर र १० कक्षा सम्मको विद्यालय शिक्षाको प्रबन्ध राज्यको दायित्व हुनेछ । विश्वविद्यालयको शैक्षिक स्तरलाई अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धी बनाउन जोड दिइनेछ । शिक्षक र प्राध्यापकको पेशागत सुरक्षा र प्राज्ञिक स्वतन्त्रताको सुनिश्चितता राज्यको कर्त्तव्य हुनेछ । सार्वजनिक स्कुलहरुको शैक्षिक गुणस्तरमा वृद्धि गर्न विद्यमान शिक्षक छनोट, नियुक्ति र व्यवस्थापन संयन्त्रहरुमा सुधार गरिने छ । मध्य र सुदूर पश्चिममा बहुमुखी विश्वविद्यालयहरु निर्माण गरिनेछन् ।

**स्वास्थ्य :** देशका सबै नागरिकलाई आधारभूत स्वास्थ्य सेवाको अवसर सिर्जना गर्नु राज्यको कर्त्तव्य हुनेछ । न्यून आय भएका जनता खासगरी ग्रामीण र दुर्गम भेगका जनता, बालबालिका र महिलाले सहजै स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी सरकारी अस्पतालको सञ्जाल र गुणस्तरीय सेवा, स्वास्थ्य वीमा सुनिश्चित गर्नु राज्यको दायित्व हुनेछ । मातृ-शिशु स्वास्थ्य सेवाका सम्बन्धमा राज्यले आमा र नवजात शिशुको बाँच्न पाउने नैसर्गिक अधिकारलाई सुरक्षित गर्नेछ । देशभित्रै स्वास्थ्य क्षेत्रको जनशक्ति उत्पादनमा जोड र स्वास्थ्य सेवा क्षेत्रको गुणस्तरीयताको प्रभावकारी अनुगमन राज्यको कर्त्तव्य हुनेछ । देशभित्र नै सबै प्रकारका

स्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन सबै सरकारी, निजी एवं गैरसरकारी क्षेत्रमा स्वास्थ्य क्षेत्रको लगानी वृद्धि गर्ने नीति लिइनेछ । एच. आई. भी. एड्सको बढ्दो प्रकोप रोक्न पूर्व सतर्कता, रोकथाम र उपचारको व्यवस्था गर्न राज्यले विशेष ध्यान दिनेछ । दुर्व्यसन रोकथाम र दुर्व्यसनीको पुर्नस्थापनामा राज्यले ध्यान दिनेछ ।

**खाद्य सुरक्षा :** सबै नेपालीलाई खाद्यान्नको उपलब्धता सुनिश्चित गर्नु, भोक-अकाल र कुपोषणबाट नागरिक जीवनको रक्षा गर्नु राज्यको प्रथम कर्त्तव्य हुनेछ । खाद्यान्न उत्पादन र आपूर्तिको प्रभावकारी अनुगमनद्वारा **"भोक र कुपोषणका विरुद्ध युद्ध"** द्वारा खाद्य सुरक्षा सुनिश्चित गर्नु राज्यको आधारभूत उद्देश्य हुनेछ ।

**रोजगारी :** सबै नागरिकलाई रोजगारीको प्रत्याभूति गर्नु राज्यको आधारभूत उद्देश्य हुनेछ । व्यापक लगानी प्रवर्द्धनद्वारा उच्च आर्थिक वृद्धि, कृषि, पर्यटन र जलस्रोत जस्ता क्षेत्रको तीव्र विकास, ग्रामीण क्षेत्रमा व्यापक पूर्वाधार निर्माण एवं रोजगारमूलक शिक्षाद्वारा **सबैका लागि रोजगारी** सुनिश्चित गर्नु राज्यको कर्त्तव्य हुनेछ ।

**गरीबी निवारणको राष्ट्रिय अभियान :** दुर्गम भौगोलिक क्षेत्र, ग्रामीण र शहरी क्षेत्रमा समेत गरीबी, वेरोजगारी र अवसर नपाएर पछाडि परेका नेपाली जनताका निम्ति **आय आर्जन र रोजगारी,** शिक्षा, स्वास्थ्य, तालीम र आवासको राष्ट्रिय अभियानद्वारा निश्चित समय अवधिभित्र गरीबी-निवारण गर्नु राज्यको कर्त्तव्य हुनेछ । लघु कर्जाको माध्यमबाट गरिबी निवारणमा पुगेको योगदानलाई ध्यानमा राख्दै लघु कर्जा कार्यक्रमलाई देशभर विस्तार गर्ने नीति अवलम्बन गरिनेछ ।

**स्वतन्त्र प्रेस र सञ्चारकर्मीहरुको सुरक्षा :** विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, प्रेस स्वतन्त्रता र सुचनाको हकको प्रत्याभूति सुनिश्चित गरिने छ । मर्यादित, जिम्मेवार र स्वतन्त्र व्यवसायिक पत्रकारिताको प्रर्वद्धन, सञ्चार माध्यमहरुमा सञ्चारकर्मीहरुको पेशागत एवं व्यवसायिक विकासको सुनिश्चितता र श्रमजीवी पत्रकारहरुको संरक्षण तथा विकास गरिनेछ । सरकारी सञ्चार माध्यमहरुलाई निष्पक्ष र स्वायत्त गरिने छ ।

**श्रमिक/मजदूर अधिकारको रक्षा र सामाजिक सुरक्षा :** श्रमजीवी नेपाली जनतालाई आधारभूत श्रम अधिकार, मर्यादित रोजगारी, सामाजिक सुरक्षा र न्यायको प्रत्याभूति गर्नु राज्यको कर्त्तव्य हुनेछ । श्रमिकहरुको हित संरक्षणका लागि सामाजिक संवाद र सामुहिक सौदावाजीको प्रक्रियालाई प्रोत्साहित गरिनेछ । असंगठित क्षेत्रमा कार्यरत कृषि मजदूर

लगायत अन्य श्रमजीवीहरुको अधिकार सुरक्षा तथा अभिलेख राख्ने व्यवस्था मिलाइनेछ । नेपाली काँग्रेस मुलुकले गरेको अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुरुप **प्रमुख श्रम मापदण्ड** (Core Labour Standard/ILO) लाई जोडदार समर्थन गर्दछ ।

**युवा पुस्ताको साझेदारी र भविष्यको सुनिश्चितता :**

नेपालको राजनीतिक परिवर्तनमा युवा पुस्ताको वलिदानीयपूर्ण भूमिकाको नेपाली काँग्रेस उच्च कदर गर्दछ । नेपालको नव निर्माणमा युवाको सिर्जनात्मक ऊर्जालाई अधिकतम उपयोग गर्न शिक्षाको पहुँचलाई सर्वसुलभ र गुणस्तरीय बनाउन राज्यले उच्च प्राथमिकता दिनेछ । शीपमूलक शिक्षा मार्फत युवा रोजगारीको अवसरलाई विस्तार गरिनेछ । युवाहरुका बीच खेलकूद, कला र मनोरञ्जनको पहुँच बढाउन आवश्यक नीति र कार्यक्रम तर्जुमा गर्न जोड दिइनेछ । समकालीन विश्व **ज्ञान र प्रविधि शक्ति**को असमान वितरण र उपलब्धताका कारण नयाँ ढंगको असन्तुलन र विभेदतर्फ उन्मुख छ । त्यसैले देशको युवा पुस्तालाई **ज्ञान र प्रविधि शक्ति**युक्त बनाएर सुरक्षित भविष्य सुनिश्चित गर्नु राज्यको कर्त्तव्य हुनेछ ।

**भू.पू. सैनिक, सेवा निवृत्त प्रहरी र कर्मचारी :** राज्यले भूतपूर्व सैनिक एवं सेवा निवृत्त प्रहरी र कर्मचारीहरुको अनुभव, सीप, तालिम एवं क्षमतालाई देश र समाजको हितमा प्रयोग गर्नेछ । यस निम्ति सबैलाई आर्थिक दृष्टिले सक्रिय बनाउँदै उत्पादनशील कार्यमा संलग्न गर्ने नीति अवलम्वन गरिनेछ ।

**ज्येष्ठ नागरिकको सुरक्षा :** ज्येष्ठ नागरिकको हेरचाह र सामाजिक सुरक्षाको उचित व्यवस्था गर्नु राज्यको दायित्व हुनेछ ।

**तेस्रो लिङ्गीको सुरक्षा :** तेस्रो लिङ्गीको पहिचान र समान अधिकार सुनिश्चित गरिनेछ ।

**द्वन्द्व रुपान्तरण र द्वन्द्व पीडितको पुनर्स्थापना :** कानुनको शासन मार्फत् दण्डहिनताको अन्त्य गरी शान्ति सुरक्षाको स्थिति सृजना गर्नु राज्यको मुख्य कर्तब्य हुनेछ । विगतको हिंसात्मक द्वन्दका क्रममा धनजनको क्षति व्यहोरेका सबै नागरिकको पुनर्स्थापन, क्षतिपूर्ति र सामाजिक सुरक्षा दिनु राज्यको कर्तव्य हुनेछ । आ-आफ्नो सम्पत्तिबाट बेदखल भएकाहरुको सम्पत्ति फिर्ता गर्ने राज्यको दायित्व हुनेछ ।

**खेलकुदको विकास :** खेलकुदको विकास र व्यवसायीकरणलाई राज्यले उच्च प्राथमिकता दिनेछ । खेलकुदको विकास संरचनालाई गाउँ तहसम्म

विस्तारित गर्दै, विशिष्टीकरण मार्फत् अन्तर्राष्ट्रियस्तरमा राष्ट्रको पहिचानलाई विकसित गर्न राज्यले ध्यान दिनेछ ।

**<u>साहित्य र कला :</u>** मुलुकको लोकतान्त्रिक रुपान्तरणका लागि साहित्य, कला र संगीतको महत्वपूर्ण भूमिका हुन्छ । यस क्षेत्रसँग सम्बन्धित कलाकर्मीहरुको श्रृजनात्मक योगदानको नेपाली काँग्रेस हार्दिक सराहना गर्दछ । नयाँ राज्य प्रणालीका नयाँ संस्कृतिको विकासमा साहित्य, कला र संगीतको विकासलाई उच्च प्राथमिकता दिदै साहित्य कलाकर्मीहरुको भूमिका तथा सिर्जनशीलतालाई प्रोत्साहित गर्नु राज्यको कर्तव्य हुनेछ ।

**<u>आदिवासी-जनजातिको समावेशी सहभागिता :</u>** आदिवासी-जनजाति समुदायको राज्यका सबै अंगमा समावेशी-समानुपातिक प्रतिनिधित्व तथा आर्थिक, सामाजिक, भाषिक र सांस्कृतिक अधिकार सुनिश्चित गरी राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक समता, सहभागिता र सम्वृद्धिको राष्ट्रिय अभियान संचालन गर्ने राज्यको प्राथमिक कर्तव्य हुनेछ । राउटे, मुण्डा, कुशवादिया, याल्मो लगायतका लोपोन्मुख आदिवासीको संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्नु राज्यको दायित्व हुनेछ । त्यस्तै राउटे, चेपाङ लगायत र सुदुर पश्चिमका अन्य पिछडिएका राना थारु, कठरिया थारु, राजी समूदाय लगायतका आदिवासीको सामाजिक सुरक्षालाई पनि राज्यले उच्च प्राथमिकता दिनेछ ।

**<u>मधेशी समुदायको समावेशी सहभागिता :</u>** मधेशी समुदायको राजनीतिक समावेशी-समानुपातिक सहभागिता, राज्यको सुरक्षा निकाय, निजामती कर्मचारी तथा राज्यको विभिन्न अंगमा समुचित प्रतिनिधित्व सुनिश्चित गर्दै उनिहरुको भाषिक, सांस्कृतिक पहिचान, प्रतिष्ठा र स्वामित्व कायम गर्नु राज्यको दायित्व हुनेछ ।

**<u>पिछडिएको क्षेत्रको विकास :</u>** कर्णाली र सुदुरपश्चिमका विकट क्षेत्रको आधारभूत विकास आर्थिक सामाजिक रुपान्तरण र राजनैतिक सहभागिता सुनिश्चित गर्नु राज्यको दायित्व हुनेछ । यसको लागि आवश्यक कार्ययोजना कार्यान्वयनलाई उच्च प्राथमिकता दिइनेछ ।

**<u>महिला अधिकारको सुनिश्चितता, सशक्तिकरण र सुरक्षा :</u>** देशको कूल जनसंख्याको आधाभन्दा बढी हिस्सा ओगट्ने महिलाहरुको राजनैतिक, प्रशासनिक र नीति निर्माण तहमा समावेशी-समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिनेछ । महिला विरुद्धको भेदभावपूर्ण सम्पूर्ण कानूनहरुको अन्त्य गरिनेछ । महिला तथा बालिकाविरुद्ध हुने सबैखाले हिंसाको अन्त्य गरिनेछ । हरेक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक

सुनिश्चित गर्ने तथा आवधिक रुपमा हरेक नेपाली महिलाको प्रजनन स्वास्थ्यको निशुल्क परीक्षण गर्न अभियान चलाउने र महिलाका अधिकारहरु सुरक्षित गर्ने कार्य राज्यको प्रमुख कर्तव्य हुनेछ ।

**दलित उत्थान र भेदभावको अन्त्य :** दलित समुदायप्रतिको सामाजिक भेदभाव र छुवाछुतलाई अन्त्य गर्नु राज्यको विशेष दायित्व हुनेछ । त्यसका लागि बनेका कानून र संवैधानिक प्रबन्धलाई थप परिस्कृत गर्दै त्यसको कडा कार्यान्वयन गर्नु अनिवार्य छ । साथै नयाँ राज्य प्रणालीमा दलित वर्गको पहुँचमा बढोत्तरी गर्दै शिक्षा, स्वास्थ्य र रोजगारीको क्षेत्रमा विशेष अवसर उपलब्ध गराउने कार्यमा राज्यले विशेष ध्यान दिनेछ ।

**भूमिहीन, कमैया, वादी र अन्य सिमान्तको समुदायको सुरक्षा :** भूमिहीन, कमैया, वादी र अन्य सिमान्त समुदायको अधिकार, सामाजिक सुरक्षा र विकासलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ ।

**बालबालिकाको पहिचान र पोषण :** कुपोषण र अपर्याप्त स्वास्थ्य सुविधाका कारणबाट हुने अकाल मृत्युबाट बालबालिकाको जीवन रक्षा गर्नु राज्यको मुख्य दायित्व हुनेछ । बालबालिकालाई आफ्नो पहिचान र नामको हक हुनेछ । साथै बालबालिकालाई उचित पालन पोषण, शिक्षा, आधारभूत स्वास्थ्य, सामाजिक सुरक्षा एवं बालबालिका माथिको हिंसा र शोषण विरुद्धको हक सहित बाल अधिकारको व्यवस्था गरिनेछ ।

**अपाङ्गहरुको सहभागिता र प्रतिनिधित्व :** मुलुकको जनसंख्यामा उल्लेख्य संख्यामा रहेका अपाङ्गहरुलाई राज्य संरचनामा सहभागिता र प्रतिनिधित्वको व्यवस्था गरिनेछ । सार्वजनिक स्थललाई अपाङ्ग मैत्री बनाउँदै शिक्षा, स्वास्थ्य, रोजगारीको समुचित प्रबन्ध र सामाजिक सुरक्षाको प्रत्याभूति गरिनेछ ।

**वातावरण संरक्षण र व्यवस्थापन :** राज्यले पानी, वायु, भूमि, ध्वनि तथा अन्तरिक्षलाई प्रदूषणबाट मुक्त गर्ने प्रयत्नका साथै प्राकृतिक वातावरणको संरक्षण, दिगो उपयोग र व्यवस्थापन गर्नेछ । तराईको माटोको उर्वरताको रक्षा, बाढी नियन्त्रण र भूस्खलन नियन्त्रण गर्न चुरे र महाभारत श्रृखंलामा वन जंगल, माटो र जलको प्रभावकारी व्यवस्थापन गर्नु राज्यको कर्त्तव्य हुनेछ ।

**व्यवस्थित बसोबास र खानेपानीको व्यवस्था :** व्यवस्थित शहरीकरण र बसोबास, सम्पूर्ण जनतामा शुद्ध खानेपानीको व्यवस्था गर्नु राज्यको महत्वपूर्ण लक्ष्य हुनेछ । काठमाडौं उपत्यकाको खानेपानीको समस्या समाधान गर्न मेलम्ची खानेपानी योजनालाई समयमा नै कार्यान्वयन

गर्न उच्च प्राथमिकता दिइनेछ । काठमाडौं महानगर लगायत अन्य शहरहरु र बजारको व्यवस्थित विकासलाई उच्च प्राथमिकता दिइनेछ ।

### ५.४ संविधान निर्माणमा जनसहभागिता र जनसुनुवाइ :

संविधान सभाबाट संविधान बनाउने भनेको लोकतन्त्रको सर्वोत्तम प्रक्रिया हो । नेपाली काँग्रेस यसको पूर्ण सम्मान गर्दै निर्वाचन पछि पनि भावी संविधानका विविध पक्षमा जनताको व्यापक सहभागिता र जनसुनुवाइको प्रक्रियालाई निरन्तरता दिने प्रतिवद्धता व्यक्त गर्दछ । आफ्नो पार्टीको संगठन संरचनाका अतिरिक्त अन्य संरचनाबाट समेत विभिन्न पेशागत व्यवसायिक संघ-संस्था, सरोकारवाला समूह र विज्ञहरुसँगको परामर्शलाई नेपाली काँग्रेसले आव्हान गर्नेछ र त्यसका लागि आवश्यक पहल गर्नेछ ।

संविधान सभाको निर्वाचन पछि गठन हुने मस्यौदा समिति र विषयगत समिति/उपसमितिहरुमा विज्ञहरु, जातीय, भाषिक, साँस्कृतिक तथा क्षेत्रीय सरोकारका समूहहरुको परामर्श लिने व्यवस्था गरिने छ । समितिहरुबाट तयार भएका मस्यौदामाथि पनि व्यापक जन सुनुवाइ एवं विज्ञहरुको परामर्श प्रक्रियालाई अगाडि बढाइने छ र सुझाव संकलन गरिने छ । यसरी संकलित सुझावहरु समेतलाई उपयुक्त तवरले समावेश गरी संविधानको अन्तिम मस्यौदा तयार गरिनेछ ।

## ६. संविधानको घोषणा

मस्यौदा समितिबाट संविधानको अन्तिम मस्यौदा तयार भएपछि संविधान सभाद्वारा निर्धारित प्रक्रिया अनुसार संविधान पारित गरिनेछ । यसरी पारित संविधानलाई नेपाली जनता आफैंले आफ्नालागि बनाएको भनी जनताका नाममा घोषणा गरी जारी गरिनेछ ।

## ७. सुशासनको प्रत्याभूति

संविधानसभाको मुख्य काम मुलुकका लागि नयाँ संविधान बनाउने भए पनि संविधान निर्माणको प्रक्रियाले एउटा निश्चित समयावधि लिनेछ । त्यस अवधिमा पनि नेपाली जनताले उत्तरदायी तथा परिणाममुखी लोकतान्त्रिक शासनको अनुभूति गर्न पाउनु पर्छ । संविधानसभाको चुनावपछि बन्ने सरकार कुनै एक दलको मात्र हुने छैन, त्यो संविधानसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरुको सहमतिमा बन्ने राष्ट्रिय सरकार हुनेछ । तथापि, जनउत्तरदायी सरकारको आकांक्षा र मान्यतालाई ध्यानमा राखेर नेपाली काँग्रेस संवैधानिक संक्रमणको अवस्थामा समेत निम्न लिखित विषयहरूमा प्राथमिकताका साथ काम गर्दै सुशासनको प्रत्याभूति दिने प्रतिबद्धता व्यक्त गर्दछ ।

- चालु शान्ति प्रक्रियालाई अन्तिम परिणतिसम्म पुऱ्याएर मुलुकमा दीगो शान्ति बहाल गरिनेछ । अन्य सबै प्रकारका द्वन्द्वहरुको पनि शन्तिपूर्ण निकास सहित व्यवस्थापन गरिनेछ ।

- समाजमा दण्डहीनताको स्थितिको अन्त्य गरी कानूनी राज्य, विधिको शासन, नागरिक स्वतन्त्रता, सुरक्षा र हक/अधिकार तथा न्यायको पूर्ण प्रत्याभूति गरिनेछ ।

- शासकीय सुधार, पारदर्शीता, जवाफदेहिता, विधिको शासन र सदाचार पद्धतिको प्रवर्द्धन गर्दै सुशासनयुक्त राज्य प्रणालीको निर्माणमा जोड दिइनेछ ।

- सत्य-तथ्य निरूपण तथा राष्ट्रिय मेलमिलाप आयोगको व्यवस्था अनुरूप समाजमा दण्डहीनताको पुनराबृत्तिका संभावनाहरुको अन्त्य गर्दै पारस्परिक सद्भाव र विश्वासको वातावरण निर्माण गरिनेछ ।

- पुनःनिर्माण र पुनःस्थापनाको कार्यक्रमलाई विशेष प्राथमिकताका साथ अघि बढाइनेछ ।

- बाढी, पहिरो जस्ता प्राकृतिक विपद एवं सामाजिक द्वन्द्व र हिंसाबाट प्रभावित व्यक्ति र परिवारलाई आवश्यक सहयोग उपलब्ध गराइनेछ ।

- राज्य र सरकारको उपस्थितिको बोध हुने गरी राज्य संयन्त्र र प्रशासनलाई पुनःस्थापित र परिचालित गरिनेछ ।

- जीवनका आधारभूत आवश्यकतालाई ध्यानमा राख्तै शिक्षा, स्वास्थ्य र रोजगारीका अवसरहरुको वृद्धि गर्ने र गराइनेछ ।

# हाम्रो प्रतिज्ञा : हाम्रो अनुरोध

राष्ट्रिय एकता लोकतन्त्र र दिगो शान्ति आज पनि नेपाली काँग्रेसको प्रमुख एजेण्डा हो । लोकतन्त्र काँग्रेस यात्राको मूल चूरो हो र लोकतन्त्र नै काँग्रेस आन्दोलनको बाहक शक्ति पनि हो । यही मान्यतामा आधारित हुँदै मुलुकका सबै राजनीतिक विचार र दलहरुलाई संविधानसभाका माध्यमबाट एकताबद्ध बनाउँदै संघीय गणतन्त्रात्मक राज्य संरचना र बहुलवादमा आधारित बहुदलीय लोकतान्त्रिक शासन प्रणालीको स्थापनालाई सुनिश्चित गर्नु नेपाली काँग्रेसले आफ्नो प्रमुख दायित्व मानेको छ । घोषणापत्रमा अभिव्यक्त संकल्प र प्रतिबद्धता अन्तर्गत रहेर नेपाली काँग्रेस संविधानसभामा निर्वाचित हुने आफ्ना प्रतिनिधि मार्फत् संविधान निर्माण गर्ने प्रतिज्ञा गर्दछ ।

लोकतन्त्रका मूल्य र मान्यताप्रति प्रतिबद्ध र सबै प्रकारका निरंकुशता, अतिवाद र अधिनायकवादका विरुद्ध संघर्षशील, हिंसा र बल प्रयोगका विरुद्ध सार्थक र दिगो शान्तिका पक्षमा क्रियाशील एवं राष्ट्रिय एकता, नागरिक स्वतन्त्रता, बहुलवाद, संघीयता र समतामूलक समाज तथा राज्य संरचना प्रति प्रतिबद्ध नेपाली काँग्रेसको यो घोषणापत्र नयाँ नेपालको भविष्य र समुन्नतिको स्पष्ट दस्तावेज हो । संविधानसभाको आगामी निर्वाचनमा काँग्रेसको यो घोषणापत्रलाई अनुमोदन गर्दै हलुका नीलो र हलुका रंगका दुबै मतपत्रमा रहेका **रूख** चिन्हमा छाप लगाई अलग-अलग बाकसमा मतदान गरी स्वतन्त्र, सार्वभौमसत्ता सम्पन्न संघीय गणतन्त्रात्मक राज्य संरचना र बहुलवादमा आधारित बहुदलीय लोकतान्त्रिक शासन प्रणाली सहितको नेपालको संविधान बनाउन नेपाली काँग्रेस सम्पूर्ण मतदाता दिदी-बहिनी, दाजु-भाइहरुलाई हार्दिक अपील गर्दछ ।

**जय नेपाल !**
२०६४ फागुन २७

# समृद्धि, स्वाभिमान र समानता
# शान्ति, सुरक्षा र स्वतन्त्रता



## संविधानसभाको निर्वाचनमा नेपाली काँग्रेसलाई जिताऔं ।
## बहुलवादमा आधारित बहुदलीय संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गरौं ॥

संविधानसभाको निर्वाचन मार्फत् नेपाली काँग्रेसको यो घोषापत्रमा उल्लेखित प्रतिबद्धताहरुलाई पुरा गर्न- हलुका नीलो रङ्ग र हलुका रातो रङ्गका दुबै मतपत्रमा रहेको **-रुख-** चिन्हमा छाप लगाऔं, नेपाली काँग्रेसका उम्मेदवार तथा नेपाली काँग्रेस पार्टीलाई अत्यधिक मतले विजयी गराऔं ।